# जवाफदेहिता

स्थानीय शासन उत्तरदायी संयन्त्र (LGAF) सचिवालय

चौमासिक प्रकाशन

वर्ष-२ अङ्क-२ श्रावण, २०७२





## पालना अनुगमन गरिने स्थानीय निकाय

| आ.व. | स्थानीय निकाय | | |
|---|---|---|---|
| | जिविस | नगरपालिका | गाउँ विकास समिति |
| २०७१/०७२ | ६५ | १३२ | ४५३ |
| २०७२/०७३ | ६५ | ५२ | ११७० |
| २०७२/०७३ (SALGP) | ९ | १२ | ४३२ |


**प्रमुख संरक्षक**
डा. सोमलाल सुवेदी

**संरक्षक**
श्री गोकर्णमणि दुवाडी

**सम्पादक मण्डल**

**संयोजक**
श्री नरहरि शर्मा भण्डारी

**सदस्य सचिव**
श्री देवीलाल सापकोटा

**सदस्यहरु**
श्री कृष्ण राज अर्याल
श्री वीरेन्द्र पराजुली

**सम्पादन सहयोगी**
श्री श्रीधर सुवेदी


## यसभित्रका मुख्य प्रस्तुति


- स्थानीय निकायको सुशासन प्रवर्द्धनमा स्थानीय शासन उत्तरदायी संयन्त्रको भूमिका
- सम्पादित कृयाकलापहरु
- मुख्य उपलब्धिहरु
- घटना अध्ययन
- नागरिक समाजका संस्थाहरुले संचालन गर्ने कार्यहरु
- स्थानीय सरकारको जवाफदेहिता अभिवृद्धि परियोजना/परिचय
- परिपालना अनुगमनमा जिल्ला एवं सहरी शासन विज्ञ र नागरिक समाजको संस्थाहरुबीच समन्वयात्मक भूमिका
- अनुसूचीहरु


*"जनसहभागिता, पारदर्शिता र जवाफदेहिता, स्थानीय निकायको सुशासन प्रवर्द्धनमा हामी सवैको ऐक्यवद्धता"*

## सम्पादकीय

स्थानीय निकायहरुवाट प्रवाह गरिने सेवासुविधा, निर्माण गरिने भौतिक संरचना, सम्पादन गरिने योजना, कार्यक्रम तथा क्रियाकलापहरु नीतिगत तथा कानूनी रुपमा जनताप्रति प्रत्यक्ष उत्तरदायी छन् । ती निकायहरुवाट तर्जुमा गरिने नीतिनियम, योजना तथा कार्यक्रम साथै सोको कार्यान्वयन र मूल्यांकनमा जनताको प्रत्यक्ष सहभागिताको सुनिश्चितताको अपेक्षा स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीले गरेको छ भने समावेशी सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको पद्धतिलाई कानूनी रुपमा संस्थागत गरिएको छ । स्थानीय निकायवाट अवलम्वन गरिने क्रियाकलापहरुलाई पारदर्शी ढंगबाट संचालन गर्न विभिन्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थाहरु गरिएका छन् । यी सवै व्यवस्थाको कुशल संयोजन तव हुनसक्छ जव सेवा प्रवाह गर्ने निकाय जिम्मेवार, जवाफदेही, उत्तरदायी र पारदर्शी हुन्छ र सेवा प्राप्त गर्ने पक्ष आफ्नो अधिकार र कर्तव्यको विषयमा सुसूचित र सक्षम हुन्छ ।

यसै सन्दर्भमा सेवा प्रदायी स्थानीय निकायलाई सक्षम, सुदृढ,, जिम्मेवार, जवाफदेही, पारदर्शी र उत्तरदायी वनाउदै कानूनमा भएका व्यवस्थाहरुको पूर्ण परिपालना गर्न गराउन नागरिकहरुको क्षमता अभिवृद्धि गर्ने ध्येयका साथ नागरिक समाजका संस्थाहरुलाई यस कार्यमा सहभागी गराइएको छ । उक्त संस्थाहरुलाई अभिमुखीकरण, प्रशिक्षण तथा तालिम दिई क्षमता अभिवृद्धि गर्ने, सोही संस्थाहरु मार्फत नीतिगत तथा कानुनी व्यवस्थाको पालना अनुगमन गर्ने, सोको विश्लेषणवाट प्राप्त नतिजाको विभिन्न संचारका माध्यमहरुबाट वहस छलफल, प्रकाशन, प्रसारण तथा प्रचारप्रसार गरी सुसूचित गर्ने, अर्द्धवार्षिक तथा वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्ने जस्ता विधि र प्रक्रियाहरु अबलम्वन गरिएका छन् ।

वुलेटिनको यस अंकमा स्थानीय शासन उत्तरदायी संयन्त्र मार्फत अगाडि बढाइएका गतिविधिहरु नागरिक समाजका संस्थाहरुको छनौट, संस्थाहरुले सम्पादन गर्नुपर्ने क्रियाकलापहरु, उक्त संस्थाहरु मार्फत सम्पादित क्रियाकलापहरुको जानकारी लगायतका सूचना तथा जानकारीमूलक विषयवस्तुहरु समावेश गरिएका छन् । प्रस्तुत प्रकाशनको प्रमुख उद्देश्य स्थानीय शासन उत्तरदायी संयन्त्रबाट सुशासन प्रवर्द्धनका क्षेत्रमा संचालित क्रियाकलाप र सम्पादित क्रियाकलापवाट सुशासनका समष्टिगत पक्षहरुमा देखिएको सकारात्मकताको बारेमा सम्वद्ध सवै पक्षलाई जानकारी गराउनु हो । सोही बमोजिम सम्पादित क्रियाकलापहरुको साराँश प्रस्तुत अंकमा पाठक समक्ष पस्कने जमर्को गरेका छौं । सम्वद्ध पक्षबाट बुलेटिनको आगामी अंक परिष्कृत रुपमा प्रकाशनको लागि अमूल्य सुझाव दिनुभई सहयोग गरिदिनुहुन सम्पादक मण्डल सम्बद्ध सवै पाठकहरु समक्ष विनम्र आग्रह गर्दछ ।

# स्थानीय निकायको सुशासन प्रवर्द्धनमा स्थानीय शासन उत्तरदायी संयन्त्रको भूमिका

"Good governance is perhaps the single most important factor in eradicating poverty and promoting development"

*-Kofi Annan, Former UN Secretary General*

संयुक्त राष्ट्रसंघका पूर्व महासचिवका उल्लेखित भनाई अनुसार गरिवी निवारण र विकास प्रवर्द्धनका लागि सुशासन एक महत्वपूर्ण तत्व हो । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले नेपालको तेह्रौं त्रिवर्षीय योजनाले निर्धारण गरेको गरिवी निवारणको लक्ष्य हासिल गर्न योगदान गर्ने र त्यसको एक महत्वपूर्ण रणनीतिका रुपमा स्थानीय तहदेखि केन्द्रसम्म सुशासनको अवस्थामा सुधारका लागि विभिन्न आधारहरु निर्धारण गरिएको छ । LGCDP कार्यक्रमको प्रतिफल नं. २ मा स्थानीय सरकार नागरिकप्रति उत्तरदायी हुने सम्बन्धमा व्यवस्था गरिएको छ । सामाजिक परिचालन मार्फत सहजिकरण भैरहेका नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च, लगायत स्थानीय बचत ऋण समूहहरु, समुदायमा आधारित संस्थाहरु जस्तै आमा समूहहरु, साना किसान समूहहरु, वाल क्लब, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्वास्थ्य व्यवस्थापन समिति, गाउँ/नगर सरसफाइ एवं स्वच्छता विकास समिति, एकीकृत योजना तर्जुमा समिति आदि स्थानीय तहमा रहने नागरिकहरुको प्रतिनिधित्व भएका स्थानीय स्तरका संस्थाहरु भएको हुनाले यी संस्थाहरु मार्फत नागरिकहरुले स्थानीय सरकारलाई उत्तरदायी बनाउन सक्षम हुनेछन् भन्ने अपेक्षा गरिएको छ ।


सुशासन प्रवर्द्धनकोलागि भैरहेका नियम र कानूनी व्यवस्थाको पालना पनि अति जरुरी हुनजान्छ । तसर्थ, जनताका सबैभन्दा नजिकको सरकारका रुपमा रहेका स्थानीय निकायहरुमा सेवा प्रवाह नागरिकमैत्री र समावेशी सहभागितामूलक भएमा सुशासन कायम गर्नमा अवश्य योगदान पुग्दछ । माथि उल्लेखित उपलब्धी हासिल गर्नका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा राष्ट्रिय समिति र कार्यान्वयन समिति सहित स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालयको व्यवस्था गरिएको छ भने देहायअनुसारका उद्देश्य निर्धारण गरिएका छन्:

क) स्थानीय निकायहरु (जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति) को सेवा प्रवाहमा नागरिकको सहभागिता बृद्धि गर्दै शासनको अवस्थामा सुधार ल्याउने ।

ख) सामाजिक परिचालन मार्फत गठन भएका वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र लगायत समुदायमा आधारित संस्थाहरुको (जस्तैः आमा समूह, कृषक समूह, आदि) क्षमता बृद्धि गरी ती संस्थाहरुको परिचालनबाट समुदायमा प्रवाह हुने सार्वजनिक सेवाप्रवाहको निगरानी एवं खबरदारी, अनुगमन, सहजिकरण, मार्फत ती सेवाहरुको सर्वसुलभता, नियमितता, गुणस्तरीयता, प्रभावकारिता र नागरिक सन्तुष्टी बढाउन सहयोग पुऱ्याउने ।

ग) नागरिक समाजका संस्थाहरु परिचालनगरी स्थानीय शासन प्रकृयामा नागरिक तथा स्थानीय सरकार बीचको सकारात्मक सम्बन्ध र सहकार्यका आधारहरुमा जोड दिदै स्थानीय शासनको अवस्थामा सुधार ल्याउने ।


स्थानीय शासन उत्तरदायी संयन्त्रको स्थापना सम्बन्धमा (Local Governance Accountability Facility) स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को परिच्छेद-५ दफा ३३ मा "स्थानीय निकायको स्रोतको रकमको सदुपयोग भए नभएको अनुगमन गर्नसक्ने" र परिच्छेद ९ को दफा ८ मा "स्थानीय निकाय तथा स्थानीय सेवा प्रदायकको काम कार्यवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिबृद्धि गर्ने उद्देश्यले स्थापना भएको स्थानीय शासन उत्तरदायी संयन्त्र (एलजिएएफ) मार्फत स्थानीय निकायको काम, कार्यवाहीको सन्दर्भमा नागरिक अनुगमन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, जनसर्भेक्षण र नागरिक बडापत्र व्यवस्थित गर्ने जस्ता कार्यगरी स्थानीय निकायलाई सेवाग्राही प्रति उत्तरदायी गराउनुका साथै वित्तीय अनुशासन कायम गरिनेछ" भन्ने उल्लेख गरिएको छ ।




माथि उल्लेखित उद्देश्यहरु समेत परिपूर्ति गर्न स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको प्रतिफल नं दुईमा केन्द्रित भएर हाल एलजिएएफले ६६ जिल्लाहरुमा आफैंले नागरिक समाजका संस्थाहरु मार्फत र बाँकि ९ जिल्लाहरु अछाम, दैलेख, जाजरकोट, कालिकोट, खोटाङ, ओखलढुङ्गा, रामेछाप, सिन्धुली र सुर्खेतमा एलजिएएफसंगको समन्वय र कार्यढाँचामा स्थानीय सरकारको जवाफदेहिता अभिबृद्धि कार्यक्रम (SALGP) मार्फत स्थानीय तहमा उत्तरदायित्व प्रवर्द्धनका कार्यहरु भैरहेका छन् ।

एलजिसिडिपी-दोस्रोचरण अन्तर्गत स्थानीय निकायहरुमा नागरिक अनुगमन, निगरानी लगायत उत्तरदायित्व अनुगमनका कार्यद्धारा सुशासनको समग्र अवस्थामा सुधार गर्ने उद्देश्य लिई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवको अध्यक्षतामा राष्ट्रिय समिति पुनर्गठन र सुशासन प्रबर्द्धन शाखामा एलजिएएफलाई आन्तरिकीकरण गरिएको छ ।

यस संयन्त्रले राज्यद्वारा स्थानीयस्तरमा प्रदान गरिने सार्वजनिक सेवा, सुविधा तथा वस्तुहरुमा जनताको (खासगरी जोखिममा रहेका सीमान्तकृत वर्ग, महिला बालवालिकाहरुको) पहुँच र नियन्त्रण बढाउन तथा स्थानीय सुशासन प्रक्रियामा संलग्नता गराउँदै नागरिक तथा स्थानीय निकायहरु बीच सम्वन्ध तथा समन्वय विस्तार गरी विकास प्रक्रियामा सहभागिता अभिवृद्धि गर्न र स्थानीय सुशासनको अवस्थामा सुधारको अवस्था ल्याउनका लागि नागरिक समाजका संघ संस्थाहरुलाई अनुदान र क्षमता विकास सहयोग प्रदान गर्दछ। नागरिक समाजका संघ संस्थाहरुबाट स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमन गरी यी निकायहरुको नागरिकप्रतिको उत्तरदायित्व (Downward/ Social Accountability) प्रवर्द्धन गराउन स्थानीय निकायलाई सहयोग गर्ने तथा नागरिक शिक्षा मार्फत समुदायलाई सुसूचित गराउन सहयोग पु-याउन संयन्त्रले मुख्य भूमिका निर्वाह गरिरहेको छ ।




## सम्पादित क्रियाकलापहरु

### (क) भिडियो डकुमेन्ट्री निर्माण :

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले विभिन्न समयमा जारी गरेका ऐन नियम तथा कार्यविधिहरुको परिपालनाबाट स्थानीय निकायमा जवाफदेहिता र पारदर्शिता कायम गरी सुशासन प्रत्याभूत हुने विश्वासका साथ ती जारी भएका ऐन, नियम र कार्यविधिहरुको परिपालनाको अवस्था अनुगमनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालयले जिल्ला स्थित नागरिक समाजका संस्थाहरुको छनौट गरी आ.व. २०७१/०७२ मा कार्य सम्पन्न गरेको छ । कार्यक्रम सञ्चालनबाट स्थानीय निकाय तथा समुदायमा परेको प्रभाव विश्लेषण एवं मूल्याङ्कनका लागि ६ क्षेत्रीय समन्वय इकाई मध्ये नेपालगंज, हेटौडा, धुलिखेल र पोखरा अन्तर्गतका जिल्लाको प्रतिनिधित्व हुने गरी भिडियो डकुमेन्ट्री निर्माण गर्ने कार्य सम्पन्न भएको छ । तेश्रो पक्षसंग सम्झौता गरी निर्माण गरिएको उक्त भिडियोमा समुदाय, स्थानीय निकाय एवं कार्यक्रमसंग सरोकारवाला सबैको विचार संकलन गरी कार्यक्रमको उपलब्धी एवं प्रभाव संकलन गर्ने प्रयास गरिएको छ । स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमन कार्यक्रमबाट स्थानीय निकायलाई नियमित कार्यक्रम संचलनमा सहयोग पुग्नुका साथै कमिकमजोरीहरुलाई सुधार गर्दै लैजानलाई मद्दत मिलेको धारणा स्थानीय निकाय कर्मचारी तथा सरोकारवालाहरुबाट व्यक्त भएको छ भने समुदायस्तरमा नागरिक क्षमता बृद्धि तथा सचेतीकरण कार्यक्रममा नागरिक समाजका संस्थाहरुले महत्वपूर्ण भूमिका खेलेको कुरा सरोकारवालाहरुले व्यक्त गरेका छन् ।

*'हरेक सरकारी कार्यालयले अनिवार्य रुपमा नागरिक वडापत्र अद्यावधिक गरौं, सेवा प्रवाहलाई चुस्त, दुरुस्त र सरल बनाऔं ।'*

खासगरी नागरिक अनुगमन र खवरदारीमा नागरिक संलग्नताका विषयमा नागरिक सचेतीकरण गर्न सकिएको पक्ष भिडियोमा व्यक्त भएका छन् ।

## (ख) स्थानीय निकायहरुमा लक्षित समूहको लागि बजेट विनियोजन र खर्च सम्वन्धी ऐन नियम पालना अवस्था : विश्लेषण

स्थानीय निकाय समुदायमा रहेका नागरिकहरुको नजिकको सरकारको रुपमा रहेको छ । समुदायमा आर्थिक तथा सामाजिक रुपमा पछि परेका तथा सिमान्तकृत वर्गलाई राज्यको उपस्थिति महसुस गराई उनीहरुको आर्थिक एवं सामाजिक जीवनस्तर माथि उकास्नको लागि त्यस्ता सिमान्तकृत वर्ग, क्षेत्र, लिङ्ग (महिला, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्ति, वालवालिका, पिछडिएको क्षेत्र आदि) को लागि सरकारले निश्चित प्रतिशत बजेट अनिवार्य छुट्टाउने व्यवस्था गरेको छ । उक्त वजेट विनियोजनमा लक्षित वर्गको प्रत्यक्ष सहभागितामा सोही वर्गको सञ्जाल मार्फत रकम खर्च गरिने प्रावधान समेत रहेको छ । तर स्थानीय निकायले कार्यविधिले निर्दिष्ट गरे अनुसार वजेट विनियोजन गरे पनि खर्चको समयमा विषयान्तर हुने एवं खासमा जुन वर्गलाई लक्षित गरी रकम विनियोजन गरिएको हो सो वर्गले प्रत्यक्ष सुविधा नपाउनाले लक्षित वर्गको असन्तुष्टी रहिरहेको पाइन्छ । यस सन्दर्भमा लक्षित वर्गको वजेट उनीहरुकै हितमा लगानी गर्नका लागि र देखिएका कमिकमजोरीहरुलाई निराकरण गरी यस कार्यक्रमलाई उपलब्धिमूलक बनाउन यसको अध्ययन विश्लेषण आवश्यक रहेको हुँदा केही स्थानीय निकायको नमूना छनौट गरी अध्ययन गर्नका लागि तेश्रो पक्षसंग सम्झौता गरी यसको अध्ययन एवं विश्लेषण गरिएको छ । यस अध्ययनबाट साँच्चिकै लक्षित वर्गसम्म उक्त वजेट पुर्‍याउनमा आई परेका समस्या, त्यसको समाधानका उपायहरुको अध्ययन विश्लेषणबाट लक्षित वर्गका लागि विनियोजन गरिएको वजेटलाई उक्त वर्गसम्म पुर्‍याई त्यस्तो पिछडिएको/सिमान्तकृत वर्गको आर्थिक एवं सामाजिक विकासमा टेवा पुर्‍याई नेपाल सरकारले लिएको लक्ष्य हासिल गर्नका लागि आगामी दिनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## (ग) गुनासो व्यवस्थापनका लागि गुनासो सुनुवाई प्रणाली निर्माण तथा व्यवस्थापन :

स्थानीय निकायबाट सञ्चालन हुने क्रियाकलापहरु पारदर्शी, जवाफदेही र जनसहभागितामूलक बनाई कानुनको शासन, भ्रष्टाचारमुक्त प्रशासन र आर्थिक अनुशासन एवं सार्वजनिक स्रोतको कुशल व्यवस्थापन गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने व्यवस्था सुशासन (व्यवस्थापन तथा परिचालन) ऐन, २०६४ एवं नियमावली, २०६५ मा रहेको छ । यसका साथै स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ५० (५) मा समेत नागरिकका लिखित तथा मौखिक गुनासाहरुलाई चौमासिक रुपमा सार्वजनिक सुनुवाई तथा समीक्षा बैठकमा पेश गर्ने व्यवस्था रहेको छ ।

यसरी उपरोक्त व्यवस्था बमोजिम स्थानीय निकायहरुमा गुनासो सुनुवाई सम्बन्धी प्रणाली व्यवस्थित गर्न आवश्यक पूर्वाधार विकासका लागि पहिलो चरणमा जिल्ला विकास समितिहरु धनकुटा, गोरखा, डडेलधुरा, सप्तरी, सिराहा, धादिङ, गुल्मी, वाग्लुङ, पर्वत र नगरपालिकाहरु हेटौडा उपमहानगरपालिका, बुटवल उपमहानगरपालिका, वीरेन्द्रनगर नगरपालिका, राजविराज नगरपालिका, धनकुटा नगरपालिका, निलकण्ठ नगरपालिका, रेसुङगा नगरपालिका, पाँचखाल नगरपालिका र अत्तरिया नगरपालिका गरी १८ स्थानीय निकायमा प्रति स्थानीय निकाय १,५०,०००/- का



क्रियाकलाप समीक्षा कार्यक्रम

दरले रकम विनियोजन गरिएको छ । उक्त रकम विनियोजन संगसंगै ती स्थानीय निकायमा गुनासो व्यवस्थापन प्रणाली व्यवस्थापनका सम्वन्धमा अभिमुखीकरण कार्यक्रम समेत आयोजना गरिएको छ ।

## (घ) नागरिक समाजका संस्थाहरुको क्रियाकलाप समीक्षा कार्यक्रम :

स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालयको आयोजना तथा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, क्षेत्रीय समन्वय इकाईको व्यवस्थापनमा नागरिक समाजका संस्थाहरुले सञ्चालन गरेका क्रियाकलाप, प्रक्रिया तथा उपलब्धिहरुको समीक्षा तथा पृष्ठपोषण प्रदान गर्ने, कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्या तथा चुनौतीहरुको व्यवस्थापन गर्ने तथा आगामी दिनमा कार्यक्रमको निरन्तरताको लागि मूल्याङ्कन तथा कार्यक्रमसंग सम्वन्धित नीतिगत निर्णयमा पृष्ठपोषण दिने उद्देश्य परिपूर्तिका लागि डडेलधुरा, नेपालगंज, हेटौडा, पाल्पा, पोखरा, धुलिखेल र विराटनगर गरी सात (७) स्थानमा नागरिक समाजका संस्थाहरुको क्रियाकलाप समीक्षा कार्यक्रम सञ्चालन गरिएको छ । समीक्षा कार्यक्रममा नागरिक समाजका संस्थाका कार्यक्रम संयोजक, प्रतिनिधि, जिल्ला शासन विज्ञ, क्षेत्रीय समन्वय इकाई प्रतिनिधि, कार्यक्रम सञ्चालन भएको जिल्लाका स्थानीय विकास अधिकारी, कार्यकारी अधिकृत,



क्रियाकलाप समीक्षा कार्यक्रम

एलजिएएफ सचिवालय प्रतिनिधि साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका प्रतिनिधिहरुको सहभागितामा नागरिक समाजका संस्थाहरुले कार्यक्रम सञ्चालनबाट प्राप्त गरेका उपलब्धिको प्रस्तुति र सोको विषयमा छलफल गरिएको थियो ।

**(ङ) नागरिक समाजका संस्थाहरुको कार्य सम्पादन मूल्याङ्कन :**

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट समय समयमा जारी भएका ऐन, नियम, नियमावली तथा कार्यविधि, निर्देशिकाहरुको पूर्ण परिपालना मार्फत स्थानीय निकायबाट प्रवाह गरिने सेवा सुविधाहरुमा समुदायको सहभागितामा बृद्धि गरी जवाफदेही तथा जनउत्तरदायी संस्कारको विकासबाट सुशासनको प्रत्याभूत गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सुशासन प्रवर्द्धन शाखा अन्तर्गत स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालय मार्फत जिल्ला स्थित नागरिक समाजका संस्थाहरुबाट स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमन कार्य भइरहेको छ। आ.व. २०७१/०७२ मा ६५ जिल्लाका १३२ नगरपालिका र ४५३ गाउँ विकास समितिहरुको छनौट गरी यो कार्य गरिएको छ ।

यसै सन्दर्भमा नागरिक समाजका संस्थाहरुसंग सचिवालयले गरेको सम्झौता वमोजिम क्रियाकलाप सञ्चालनमा नागरिक समाजका संस्थाहरुको सक्रियता र प्राप्त उपलब्धिको आधारमा मात्र आ.व. २०७२/०७३ मा उक्त कार्य अन्य स्थानीय निकायहरुमा निरन्तरता दिने उद्देश्यले नागरिक समाजका संस्थाहरुको क्रियाकलापको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य भएको छ । कार्यक्रम सञ्चालन भएका ६५ जिल्ला मध्ये ४९ जिल्लाहरुमा क्रियाकलाप मूल्याङ्कनका लागि स्थानीय निकाय संघ/महासंघ (जिल्ला विकास समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँ विकास समिति महासंघ) संग सम्झौता गरिएको थियो । उक्त संघ/महासंघले गरेको मूल्याङ्कनको आधारमा उत्कृष्ट, सन्तोषजनक र कमजोर गरी नागरिक समाजका संस्थाहरुको मूल्याङ्कन गरिएको छ । उक्त मूल्याङ्कनमा विभिन्न समयमा मन्त्रालय तथा सचिवालयबाट गरिएको अनुगमन र क्रियाकलाप समीक्षा कार्यक्रम समेतलाई आधार मानी १० वटा सूचक मार्फत १०० अंकमा मूल्याङ्कन गरिएको थियो ।

**(च) राष्ट्रिय समितिको निर्णय तथा सम्झौता नवीकरण :**

स्थानीय शासन उत्तरदायी संयन्त्रबाट सम्पादन भएका क्रियाकलापहरुको प्राप्त उपलब्धिको आधारमा कार्यक्रमको निरन्तरताका लागि स्थानीय



राष्ट्रिय समितिको बैठकमा कार्य प्रगति प्रस्तुत गर्दै सदस्य सचिव श्री नरहरि शर्मा भण्डारी



सचिवालयको प्रस्तुतिमा छलफल गर्दै राष्ट्रिय समिति अध्यक्ष सचिव डा. सोमलाल सुवेदीज्यू लगायत अन्य समितिका पदाधिकारीज्यूहरु

शासन उत्तरदायी संयन्त्र, कार्यान्वयन समितिमा सचिवालयबाट सम्पादित क्रियाकलापहरुको प्रस्तुतिको आधारमा कार्यान्वयन समितिले स्थानीय शासन उत्तरदायी संयन्त्र, राष्ट्रिय समितिमा सिफारिस गरिएको थियो। उक्त सिफारिस तथा राष्ट्रिय समितिमा सचिवालयको प्रस्तुति पछि कार्यक्रमको निरन्तरता गरिएको छ। कार्यक्रमको निरन्तरतासंगै जिल्लास्थित नागरिक समाजका संस्थाहरुको आ.व. २०७२/०७३ मा सम्झौताको लागि निर्णयार्थ पेश गरिएकोमा संस्थाहरुको मूल्याङ्कनको आधारमा उत्कृष्ट र सन्तोषजनक रहेका नागरिक समाजका संस्थाहरुसंग एक वर्षको लागि सम्झौता गर्ने र कमजोर रुपमा रहेका नागरिक समाजका संस्थाहरुको क्रियाकलाप सञ्चालनमा सुधारका लागि तीन महिनाको लागि मात्र सम्झौता गर्ने भनी निर्णय भएको छ। कमजोर संस्थाहरुमध्ये पनि ५० अंक भन्दा कम प्राप्त गर्ने नागरिक समाजका संस्थाहरुसंग सम्झौता नगर्ने भनी निर्णय भएको छ।

- मिति २०७२ आषाढ ३० गतेको राष्ट्रिय समितिको निर्णय अनुसार १६ जिल्लामा तीन महिनाको लागि सम्झौता गर्ने र बाँकि ४९ जिल्लामा एक वर्षको सम्झौता गरिएको छ। तीन महिनामा ती संस्थाहरुको कार्य प्रगतिको आधारमा पुनः समयावधि थप गर्न सकिने प्रावधान रहेको छ।
- स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालयमा कार्य सम्पादनका लागि एक जना अनुगमन अधिकृत र एकजना तथ्यांक सहायक गरी दुईजना कर्मचारी थप गर्ने समेत निर्णय भएको ।

**(छ) सोलुखुम्वु जिल्लाबाट प्रस्तावना आह्वानः**

आ.व. २०७१/०७२ मा सोलुखुम्वु जिल्लाको नागरिक समाजको संस्थासंग स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमनका लागि सम्झौता गरिएता पनि उक्त संस्थाले कार्य सम्पादन गर्न नसकेको कारण उक्त जिल्लाबाट आ.व. २०७२/०७३ मा कार्य सञ्चालनको लागि आशय पत्र माग भई त्यसको मूल्याङ्कन सम्पन्न भएको छ ।

# आ.ब. ०७१/०७२ मा हासिल मुख्य उपलब्धिहरु:

**देहायका निर्देशिका, म्यानुअल तयार गरी कार्यसञ्चालनमा ल्याइएको**

- पालना अनुगमन निर्देशिका, २०७१
- गुनासो सुनुवाई व्यवस्थापन निर्देशिका, २०७२
- व्यवस्थापन परीक्षण निर्देशिका, २०७२
- नागरिक समाजका संस्थाका कर्मचारी र सम्पर्क पदाधिकारी प्रशिक्षण निर्देशिका, २०७१
- पालना अनुगमन कार्यसञ्चालन निर्देशन

**पालना अनुगमन सम्बन्धी अन्य कागजात तयारी भएका:**

- जिविस, नगरपालिका वार्षिक सुशासन प्रतिवेदन ढाँचा
- जवाफदेहिता "चौमासिक" बुलेटिन

### तालिम/अनुशिक्षण/समीक्षा

- स्थानीय विकास अधिकारी, कार्यकारी अधिकृत, जिल्ला शासन विज्ञ र नगर शासन विज्ञ, क्षेत्रीय समन्वय कार्यालयका विज्ञहरुका लागि १ दिने अनुशिक्षण
- सिएसओको क्षमता अभिबृद्धि तालिमका लागि प्रशिक्षण निर्देशिका तयारी तथा MToT १४ जना लाई
- सिएसओका प्रतिनिधि र कर्मचारी ३३० जनालाई स्थानीय निकायको नीतिगत र कानुनी व्यवस्था पालना अनुगमन सम्बन्धी अनुशिक्षण/तालिम
- नागरिक समाजका संस्थाहरुको क्षेत्रीय समन्वय इकाई स्तरमा ६ वटा साथी समीक्षा बैठक

### अनुगमन, मूल्यांकन

एलजिएएफबाट सिएसओहरुको अनुगमन सम्बन्धी योजना तयार गरी सोही अनुसार विभिन्न जिल्लाहरुमा अनुगमन गरिएको ।

### संक्षेपमा जवाफदेहिताका औजारहरु प्रयोगको प्रगति

- ६५ वटा जिल्ला विकास समिति र १३२ नगरपालिकाहरूले प्रत्येक चौमासिकमा कार्यविधिको पालना गरी सार्वजनिक सुनुवाई संचालनलाई अभ्यासमा ल्याउने प्रतिवद्धता भएको ।
- ६५ जिविस र १३२ नगरपालिकामा नागरिक वडापत्रको व्यवस्था हुने गरेको र वडा पत्रको व्यवस्था तथा अद्यावधिक गर्न ४५३ गाविसहरू तयार रहेको ।
- गुनासो सुनुवाईलाई व्यवस्थित गर्नका लागि गुनासाहरूको टिपोर्ट गर्ने परिपाटीको विकासमा स्थानीय निकायहरू अग्रसर भएका ।
- वित्तीय जोखिम न्युनीकरणका लागि छलफल गरी कार्ययोजना बनाई लागू गर्न ६५ जिविस र १३२ नगरपालिकामा ना.स.सस्थाहरूले सहजिकरण गरेका छन् ।
- संचालित प्रत्येक आयोजनाको सार्वजनिक परीक्षणको गुणस्तर बढाउन स्थानीय निकाय तथा वडा नागरिक मन्चका सदस्यहरू अग्रसर भएका ।
- नागरिक वडापत्र, गुनासो व्यवस्थापन लगायत अन्य जवाफदेहिता अभिबृद्धिका औजारहरूको प्रयागमा सहजिकरण गरेका छन् ।

स्थानीय निकायका संघ महासंघलाई सिएसओको कार्यसञ्चालनको गुणस्तर परीक्षणको जिम्मेवारी दिने राष्ट्रिय समितिको निर्णयअनुसार जिविस महासंघ, नेपाल नगरपालिका संघ र गाविस राष्ट्रिय महासंघबाट ४९ जिल्लाका सिएसओको कार्यसम्पादनस्तरको लेखाजोखा गरिएको ।

**अन्यकार्य:**


- सिएसओको कार्यप्रगति समेटी पालना अनुगमनको प्रभावकारिता देखिने गरी सुदूर पश्चिम, मध्य पश्चिमका तराई र मध्यक्षेत्रका १२ जिल्लालाई समेटी ४ अलग अलग बृत्तचित्र निर्माण गरी स्थानीय टेलिभिजनबाट प्रशारण गरिएको ।
- ३ जिल्ला र ३ नगरपालिकाको लक्ष्यित समूहमा विनियोजन र वास्तविक खर्चको अवस्थाको सर्भेक्षण गरिएको ।
- ९ जिविस र ९ नगरपालिकामा गुनासो व्यवस्थापन पूर्वाधार तयारीका लागि सहयोग गरिएको ।
- एकीकृत वार्षिक सुशासन प्रतिवेदन तयार गरिएको ।

## नागरिक समाजका संस्था (सिएसओ) बाट गरिएका परिपालना अनुगमन

नागरिक समाजका संस्थाहरुलाई परिचालन गरी ६५ जिल्लामा स्थानीय निकायहरुमा कानूनी र नीतिगत व्यवस्थाको पालनाका लागि स्थानीय निकायहरुमा अनुगमन र सुधारका लागि सहयोग एवं नागरिक निगरानी र सामुदायिक अनुगमनका लागि वडा नागरिक मञ्च लगायत समुदायमा आधारित संस्थाहरुको क्षमता अभिबृद्धिमा सघाउने कार्य शुरु गरिएको छ । अनुगमनबाट पाइएका सकारात्मक पक्षहरु र सुधार गर्नुपर्ने पक्षहरुलाई देहायअनुसार समेटिएका छन् :

**क) सिएसओबाट क्षमता अभिबृद्धि र नागरिक शिक्षामूलक कार्यहरु**

- सिएसओहरुले ६५ जिल्ला विकास समिति, छानिएका १३२ नगरपालिका र ४५३ गाविसहरुमा पालना अनुगमन र नागरिक निगरानी सम्बन्धमा अनुशिक्षण सम्पन्न गरेका ।




*'सार्वजनिक क्षेत्रले स्वच्छ, मितव्ययी, कार्यकुशल, प्रभावकारी, पारदर्शी र औचित्यपूर्ण तरिकाले कार्यसम्पादन गर्नु नै सदाचार पद्धति हो ।'*


- ६५ जिविस, ४५३ गाविस, १३२ नगरपालिकामा स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमन गर्न नागरिक समाजका संस्थाहरु, जिल्ला एवं शहरी शासन विज्ञ र स्थानीय निकायको समन्वयमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत गठन भएका वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रहरुको परिचालन गरी नागरिक खबरदारी मार्फत सुधार गर्नुपर्ने विषयमा कार्ययोजना बनाई अघि बढ्नु पर्ने धारणाको विकास भएको ।

**CSOs बाट सार्वजनिक परीक्षण र सुनुवाईमा सहजीकरण :**

- सार्वजनिक परीक्षणमा वडा नागरिक मन्चका प्रतिनिधिहरु सहित १९२ सम्पन्न आयोजनाको सार्वजनिक परीक्षणमा नागरिक समाजका संस्थाहरुले सहजीकरण गरेका छन् ।
- नागरिक समाजका संस्थाहरुले ६५ जिविस तथा १३२ नगरपालिकाको सार्वजनिक सुनुवाईलाई कार्यविधिले निर्दिष्ट गरे अनुसार सम्पन्न गर्न सहजीकरण गरेका छन् ।
- नागरिक समाजका संस्थाहरुले सार्वजनिक परीक्षणमा सहभागिता बृद्धि गर्ने, वडा नागरिक मञ्चलाई सार्वजनिक परीक्षणमा सहजीकरणका लागि क्षमता बृद्धि गर्ने, सार्वजनिक परीक्षण कार्यविधिले निर्देश गरेको फर्मेट अनुसार सूचनाहरु पारदर्शी गर्नेको लागि उपभोक्ता समितिलाई सहयोग र सहजीकरण गर्ने जस्ता कार्यहरु गरेका छन् ।
- ४५३ गाविस र १३२ नगरपालिकाहरुका ४०३ वटा अनुशिक्षणबाट वडानागरिक मन्च र नागरिक सचेतना केन्द्रका सदस्यहरु मध्ये ५०३४ महिला र ६११२ पुरुष समुदायमा रहेका विपन्न तथा सिमान्तकृत वर्गहरुलाई सरकारले लक्षित वर्गका लागि प्रदान गर्ने सेवाका बारेमा जानकारी गराएको ।

**रेडियो कार्यक्रम मार्फत जवाफदेहिता प्रबर्द्धनका लागि नागरिक शिक्षाः**

- **रेडियो कार्यक्रम मार्फत सचेतिकरण :** स्थानीय निकायबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनाका वारेमा समुदायलाई सुसूचित गरी स्थानीय निकायका



रेखा चित्र ८

क्रियाकलापहरुमा अधिकतम नागरिकहरुको संलग्नता बृद्धि गर्नका लागि नागरिक समाजका संस्थाहरुले स्थानीय स्तरमा संचालनमा आएका एफएम रेडियोको प्रयोग गरेका थिए । रेडियोको माध्यमबाट समुदायलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले समय समयमा जारी गरेका ऐन, नियम




तथा कार्यविधिमा भएको प्रावधान, सिमान्तकृत वर्गको लागि कार्यक्रम तथा अन्य समय सान्दर्भिक विषयवस्तुको प्रसारण गर्नुका साथै नागरिक दायित्व तथा नागरिक अनुगमन बृद्धिका लागि आवश्यक सूचना प्रवाह गरिएको थियो । कार्यक्रम संचालन भएको ६५ जिल्ला मध्ये मनाङ जिल्ला बाहेक ६४ जिल्लामा महिनाको ४ पटक ६ महिनासम्म रेडियो कार्यक्रम मार्फत सूचना प्रदान गरिएको थियो । यसको तथ्यांकलाई माथिको रेखा चित्रमा देखाईएको छ ।

- नागरिक समाजका संस्थाहरुले प्रत्येक हप्ता रेडियो कार्यक्रम संचालन गरेका छन् । जसबाट स्थानीय निकायले समुदायमा सूचना प्रदान गर्नुपर्ने विषयवस्तुहरुको प्रशारणमा सहज भएको छ । भूकम्प प्रभावित क्षेत्रमा सरकारबाट प्रदान गरिएको राहत तथा वजेटको रेडियो कार्यक्रम मार्फत जानकारी गराइएको थियो । ७५ रेडियोलाई परिचालन गरी ६४ जिल्लामा १५१७ पटक रेडियो मार्फत स्थानीय निकायहरुबाट उपलब्ध हुने सेवा, सेवा प्रवाह गर्ने निकायहरुको जवाफदेहिता, नागरिक निगरानी अनुगमन बारे जानकारी गराइएको थियो ।
- रेडियो कार्यक्रमलाई प्रभावकारी बनाउन रेडियो कार्यक्रम प्रशारण तालिका र विषयवस्तुका बारेमा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरुमा छलफल गरेका छन् ।
- पालना अनुगमनबाट पाइएका नतिजाहरुबारे स्थानीय निकायमा समीक्षा कार्यक्रम गरी सुधारका लागि प्रतिवद्धता सहित कार्यान्वयनको प्रयास गरेका छन् ।
- जिविस, गाविस, नगरस्तरीय समीक्षा ११०४ पटक आयोजना गरिएको । समीक्षामा १०६०२ महिला र १७३६० पुरुषको उपस्थिति रहेको थियो ।
- ४५३ गाविस र १३२ वटा नगरपालिकामा, गाविस र नगरस्तरीय आयोजनाहरुको उपभोक्ता समिति र वडा नागरिक मन्चका सदस्यहरु १९,५८२ जनाद्वारा ८४३ वटा समुदायस्तरका आयोजनाहरुको सामुदायिक अनुगमन गरी आयोजना सञ्चालनका क्रममा आवश्यक पृष्ठपोषण गरिएको ।

- ६५ जिल्ला विकास समिति र ३७ नगरपालिकामा सिएसओद्धारा सार्वजनिक परीक्षणमा सहजीकरण गरी सार्वजनिक सुनुवाई कार्यक्रम संचालन पूर्व सूचना संकलन गर्नुपर्ने वहिर्गमन अभिमत पत्र र नागरिक अभिमत पत्रको प्रयोग गरिएको ।
- ७५ मध्ये ६६ जिल्ला विकास समिति र १३२ नगरपालिका मध्ये १०० वटामा कार्यविधि अनुसार सार्वजनिक परीक्षण गर्न थालिएको ।
- ४९९ स्थानीय निकाय मध्ये २२८ स्थानीय निकायमा गुनासो सम्बोधनको प्रयास भए पनि सबैखाले गुनासो अभिलेखनको अभ्यास नरहेको ।
- ४५३ गाविस, १३२ नगरपालिकामा सार्वजनिक सुनुवाईमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको नामनामेसी पेश गर्ने परिपाटिको विकास भएको ।
- अन्तिम किस्ता निकासा गर्दा कार्यक्रम संचालन गर्ने निकायले सार्वजनिक परीक्षणको पूर्ण प्रक्रिया अवलम्वन नगरी कागजपत्र भने तयार गरी सम्वन्धित स्थानीय निकायमा पेश गरेको अवस्थामा मात्र स्थानीय निकायले अन्तिम किस्ता निकासा दिने गरेको पाइएको ।
- ४९९ स्थानीय निकायमा गरिएको आधारभूत सर्वेक्षण अनुसार सार्वजनिक सुनुवाई नियमित र प्रक्रियागत रुपमा संचालन गर्ने स्थानीय निकायको संख्या जम्मा १४६ रहेको पाइएको । सार्वजनिक सुनुवाई कार्यक्रम संचालन पूर्व सूचना संकलन गर्नुपर्ने वहिर्गमन अभिमत पत्र र नागरिक अभिमत पत्रको प्रयोग नगरिएको ।

## स्थानीय निकायबाट खर्च गर्न निषेध गरिएका विषयहरू

(१) स्थानीय निकायको कोषको पूँजिगत रकमबाट देहायको क्षेत्र वा विषयमा खर्च गर्न तथा कार्यहरू गर्न पाईने छैनः–

(क) कुनै पनि प्रकारको तलब भत्ता, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र कर्मचारी एवम् राजनैतिक पदाधिकारी वा व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिईने सुविधासम्बन्धी खर्चहरू,

(ख) सवारी साधन मर्मत सम्भार र इन्धन खर्च,

(ग) पूँजिगत तर्फको रकम सापटी लिई वा रकमान्तर गरी चालू शीर्षकमा वा चालू प्रकृतिको कार्यमा खर्च गर्न,

(घ) घरभाडा, बिजुली, टेलिफोन, पानीको महशुल लगायत कार्यालय सञ्चालनसम्बन्धी खर्चजस्ता चालू प्रकृतिका सबै खर्चहरू,

(ङ) बिमा, ऋण कारोवार, शेयर लगानी वा बैकमा मुद्दती वा बचत खातामा रकम जम्मा गर्न,

तर उत्पादनमूलक कार्यक्रममा गरिने लगानीलाई स्थानीय निकायको शेयरको रूपमा लगानी गर्न बाधा परेको मानिने छैन ।

(च) राजनैतिक दल तथा तिनका भातृ वा भगिनी सङ्गठन, संघसंस्था वा व्यक्ती आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता चन्दा, पुरस्कार प्रदान गर्न वा संस्थागत वा कार्यक्रमिक सहयोग उपलब्ध गराउन,

(छ) दामासाही वा भागबण्डाको हिसावले रकम बाँडफाँड गर्न,

(ज) स्थानीय निकायको परिषद्बाट आयोजनागत रूपमा बजेट बाँडफाँड नगरी अबण्डाको रूपमा एकमुष्ट रकम राख्न,

(झ) स्थानीय निकायको परिषद्बाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न, र

(ञ) गाउँ विकास समितिको हकमा गाउँ शिक्षा योजना, नगरपालिकाको हकमा नगर शिक्षा योजना तथा जिल्ला विकास समितिको हकमा जिल्ला शिक्षा योजना, विद्यालय सुधार योजना एवम् गाउँ तथा नगर शिक्षा योजनामा नपरेका कार्यक्रममा खर्च गर्न एवम् शिक्षक तथा विद्यालयका कर्मचारीको तलव भत्ता र पारिश्रमिकमा खर्च गर्न ।

(२) यस कार्यविधि बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनामा भुक्तानी दिन पाइने छैन ।

(३) वातावरण संरक्षण ऐन २०५३, वातावरण संरक्षण नियमावली, २०५४ तथा सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा २०६५ मा उल्लिखित प्रावधानहरूको प्रतिकूल छनौट भएका कार्यक्रम वा आयोजनामा लगानी गर्न पाइने छैन ।

(४) स्थानीय निकायमा निर्वाचित प्रतिनिधिको बहाली नभएसम्म वा अर्को व्यवस्था नभएसम्म सचिवले स्थानीय निकायको चालू तथा पूँजिगत रकमबाट कुनै पनि प्रकारको आर्थिक सहायता चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान सहयोग वितरण गर्न पाउने छैन ।

*स्रोतः स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि-२०६९*

*स्थानीय निकायबाट प्रवाह हुने सेवा, नागरिक दायित्व तथा सुशासन सम्बन्धमा जिल्लास्थित स्थानीय एफ. एम. रेडियोबाट कार्यक्रम प्रशासरण हुने हुँदा उक्त रेडियो कार्यक्रम सुनी क्षमता विकास गरौ र आवश्यक सल्लाह प्रदान गरौ ।*

*'असमर्थ पक्षलाई कानून बमोजिम नि:शुल्क कानूनी सहायता पाउने हक अधिकारको सुनिश्चितता प्रदान गरौं ।'*

# आयोजनाको इस्टिमेट नेपालीमा हुँदा कार्य सञ्चालनमा सहज

कर्णाली सामुदायिक विकास केन्द्रको सहजीकरणमा आयोजनाको इष्टिमेट नेपालीमा गराउन पहल भएको छ । विकास गतिविधि समुदायको आवश्यकतामा आधारित भएमा कार्यक्रमको गुणस्तर सुनिश्चित गर्ने र आर्थिक पारदर्शिता कायम गर्ने कार्यमा समुदायले बुझ्ने भाषामा भएमा मात्र समुदायले अग्रसरता लिन्छन् भन्ने कुराको पुष्टि मुगु जिल्ला श्रीनगर गाविसले गरेको छ ।

स्थानीय निकायले संचालन गर्ने सम्पुर्ण भौतिक योजनाहरू प्राविधिक इष्टिमेट नेपालीमा नहुँदा बजेटको हिनामिना हुन सक्ने परम्परा रहेको विद्यमान अवस्थालाई समाधान गर्न नेपालीमा भएको इष्टिमेटले सहयोग गरेको छ । स्थानीय समुदायहरूले पनि भौतिक योजनाहरूको प्राविधिक इष्टिमेट समुदायले नबुझ्ने भएका कारण बजेटमा के कति खर्च भयो भन्ने कुरामा समुदाय अन्योल हुने भएकोले यस प्राविधिक इष्टिमेट अंग्रेजीमा नभई नेपालीमा वनाईएको खण्डमा सम्बन्धित उपभोक्ता समितिले बुझ्नु भएको हुँदा योजनाहरूको काम संचालन सहज तथा पारदर्शिता हुने भएकोले यस श्रीनगर गाविसका प्राविधिक श्री हस्त बहादुर मल्लले मुगु जिल्लामा प्राविधिकहरूले गर्ने भौतिक योजनाको सर्भे तथा डिजाईन इष्टिमेट नेपाली माध्यमवाट गराई कार्यलाई सहज बनाउने प्रयास गरेका छन् ।

## स्थानीय निकायको क्रियाकलापहरू सञ्चालनमा सहयोगी बन्दै नागरिक समाज संस्थाहरू

अपि नगरपालिकामा मिति २०७१ फागुन १३ गते कार्यक्रम सम्बन्धी अभिमुखीकरण भएपछि सेवा प्रदायक र सेवाग्राही दुबै पक्षमा आफ्नो जिम्मेवारी, दायित्व र अधिकारप्रति सचेतना बढेको छ । मिडिया विकास समाज नेपालको सहजिकरणपछि सुशासन प्रवर्द्धनका लागि अपि नगरपालिकाले सुशासन कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । अभिमुखीकरण कार्यक्रममा जवाफदेहिताका औजारहरू, अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी व्यवस्था र स्थानीय निकायका भूमिका, जिम्मेवारी र दायित्वबारे जानकारी दिइएपछि यसको सकारात्मक प्रभाव परेको छ ।

अपि नगरपालिकाको सेवा प्रवाह, कार्य सम्पादन र विकास निर्माणको प्रयासमा मिडिया विकास समाज नेपालले नियमित रूपमा थप समन्वय, सहयोग र सहजिकरण गरेको छ । मिति २०७२ जेठ १० गते बसेको समन्वय बैठकमा ३ वटा निर्णयहरू गरिए । अपि नगरपालिका क्षेत्रमा स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमन कार्यक्रमका क्रियाकलाप र प्रभावकारिताबारे छलफल तथा समीक्षा गरिएको छ । यसैगरी, जवाफदेहिताका औजारहरू समेटेर नगरपालिकाले एक हप्ताभित्र सुशासन कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने निर्णय गरिएको थियो । साथै, मिडिया विकास समाज नेपालको सहजिकरणमा सञ्चालित कार्यक्रमअन्तर्गत दुईवटा भौतिक पूर्वाधारका योजनाहरूमा सघन अनुगमन गर्ने निर्णय भएको थियो ।

## नागरिक अनुगमनबाट १८ ट्रिप ग्राभेल थपियो

*बाँके जिल्लाको महादेवपुरी गाविस वडा नं. ८ मा वाटो **ग्राभेल तथा माटो पटान योजनाको** प्राविधिक अनुगमन तथा सुपरिवेक्षण गर्दा इस्टीमेट अनुसार काम नभएको देखिएकाले जवाफदेही पक्षसंग सो वारेमा छलफल गर्दा गाविस स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिले समेत अनुगमन गरी इष्टिमेट अनुसार काम नगरे अन्तिम किस्ता रोक्ने जानकारी गराए पश्चात १८ ट्रिप ग्राभेल थप गरी योजना अनुसार काम भएको छ । उक्त आयोजना महादेवपुरी गाविसको रु ३ लाखको आर्थिक सहयोगमा सञ्चालन भएको थियो ।*

## सार्वजनिक गरिने भयो सामाजिक सुरक्षा भत्ता

महिला विकास मंच बाजुराद्धारा LGAF कार्यक्रम अर्न्तगत स्थानीय निकायहरूको नीतिगत व्यवस्थापन पालना अनुगमन कार्यक्रम पश्चात यस गाविसमा गाविस सचिव श्री रामदत्त न्यौपानेले आफ्नो पहलमा वडा नागरिक मंच नागरिक सचेता केन्द्रका पदाधिकारी र राजनैतिक दलका प्रमुखहरूको सामुहिक छलफलमा यस गाविसमा आव२०७२/०७३ को पहिलो सातामा यस गाविसमा सामाजिक सुरक्षा भत्ता पाउने एकल महिला, दलित, असहाय, वृद्धा आदिको नाम गाविसको कार्यालयमा टाँस गर्ने र वडा नागरिक मंच र नागरिक सचेतना केन्द्रमा पनि यसको विवरणको बारेमा छलफल गरी मृत्यु भएमा गाविसमा मृत्यु दर्ता गर्न सिफारिस गर्ने, उमेर पुगेका बुढा बुढीलाई भत्ताका लागि गाविसलाई सिफारीस गर्ने भन्ने बारेमा गाविस छलफल गरियो । उक्त गोष्ठिमा सामाजिक सुरक्षा भत्त पाउने व्यक्तिको विवरण गाविसमा टाँस गर्नुका साथै चौमासिक रूपमा गाविसमा सार्वजनिक सुनुवाइ गर्ने भन्ने खालका विषयमा वहस तथा छलफल गरिएको छ । गाविस सचिव रामदत्त न्यौपानेका अनुसार सामाजिक सुरक्षा भत्ताको वर्गिकृत विवरण कम्प्युटरमा लेखिएको छ र म जति खेर पनि सो विवरण पेश गर्न तयार छु भन्नु हुन्छ गाविस सचिव न्यौपाने । बर्गिकृत सामाजिक सुरक्षा भत्ताको विवरण गाविसमा सार्वजनिक गर्नुपूर्व गाविसका सम्पूर्ण सरोकारवाला निकायहरूको सामुहिक उपस्थितिमा गर्ने र प्रत्येक वडा नागरिक मंचलाई पनि एक प्रति उपलब्ध गराउने गाविस सचिव न्यौपानेको भनाई छ ।

*'समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरौं ।'*


# निःशुल्क पाउनु पर्ने सेवामा लिएको शुल्क फिर्ता हुने !

धनकुटा/विवाह भएको एक महिना नपुगी विवाह दर्ता गर्न पुगेका स्थानीयसंग विवाह दर्ता शुल्क पचास रूपैया लिएका कुरूले तेनुपा गाविसका गाविस सचिवले असल शासन क्लबको पहलमा रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

धनकुटा जिल्लाको अति दुर्गम मानिने कुरूले तेनुपा गाविसका सचिव रामकुमार डँगोलले ३५ दिनभित्र नै विवाहदर्ता गर्दा समेत रू ५० शुल्क लिएको सार्वजनिक भएको छ । कुरूले तेनुपा २ का गजेन्द्र भण्डारीको विवाह यही २०७२ मंसिर २१ गते काठमाडौमा ललितपुर हरिसिद्धिकी भावना तिमल्सिनासंग भएको थियो । उनले विवाहपश्चात समयमा नै कुरूले तेनुपा गाविसको कार्यालय गई विवाह भएको सूचना दिई विवाह दर्ता गराएका हुन् । उनी पौष १३ गते कुरूले तेनुपा गाविसमा गई कार्यालय सहयोगी तेजनाथ वाग्लेले विवाह दर्ता प्रमाणपत्र बनाइदिए । भोलिपल्ट गाविस सचिवको हस्ताक्षरको लागि उनी सदरमुकामस्थित सचिव निवास श्रीवानी पुगेर प्रमाणपत्रमा हस्ताक्षर गर्न आग्रह गरे । उनलाई सचिव रामकुमार डँगोलले २५० लाग्ने बताए । त्यसपछि उनले नियमानुसारको राजश्व तिर्न तयार छु मलाई रसिद चाहिन्छ भनेपछि सचिवले पुनः तपाईंलाई २०० को मात्र रसिद काटिदिएको छु भन्दै दुईसय रूपैया माग गरे । भण्डारीले रसिद लिएर नगद दुईसय दिए । रसिदमा नाता प्रमाणित बापत रू १५० र विवाह दर्ता प्रमाण पत्रबापत रू ५० लेखिएको थियो । सो रसिद नम्बर ११५२३ रहेको छ ।

त्यसपछि भण्डारीलाई पटक्कै चित्त बुझेन । उनले गाविस सचिवको नियत खराब भएको ठानी तत्काल प्रतिवाद गरेनन् । यस्तो घटना अरूको पनि गाउँमा छ कि खोजी गर्ने र सार्वजनिक गर्ने सम्झेर फर्किए । गाविस सचिवले किन दुई सय रूपैया लिएका हुन्? मलाई मात्र लिएको हो वा अरू सर्वसाधारण नागरिकलाई पनि लिने गरेका छन्? भन्दै रसिदको फोटो खिचेर गुनासो जनहित असल शासन क्लबमा गरे । उनको गुनासो थियो : राजश्व लाग्ने भए गाविस कार्यालयमा नै कार्यालय सहयोगीले किन लिएनन् र गाविस सचिवले सदरमुकाममा आएपछि रकम मागे? फेरि २५० दिनु भन्ने, अनि रसिद मागेपछि २सय मात्र दिनु भन्नुको कारण के हो? हामी जस्तो सचेत व्यक्तिलाई त यसो गरिन्छ भने गाउँबाट आउने सिधासादा व्यक्तिलाई सचिवले गर्ने व्यवहार घरमै बोलाएर के गर्दा हुन्? मैले निःशुल्क पाउनुपर्ने सेवाको लागि मैले किन ५० रूपैया तिर्नुपर्ने?

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको स्थानीय शासन उत्तरदायी संयन्त्रसंगको सहकार्यमा स्थानीय निकायको




जवाफदेहिता पालना अनुगमन कार्यक्रम सञ्चालन गरिरहेको जनहित असल शासन क्लबमा यसरी गुनासो प्राप्त भएपछि क्लबका तर्फबाट कार्यकारी निर्देशक नोदनाथ त्रितालले तत्काल वास्तविकता बुझ्न गाविसका कार्यालय सहयोगी तेजनाथ वाग्लेलाई फोन गरे ।

कार्यालय सहयोगी वाग्लेले विवाह भएको ३५ दिन नकाटेकोले निःशुल्क विवाह दर्ता हुनुपर्ने भनी आफूले प्रमाण पत्र बनाएर हस्ताक्षरको लागि सचिव कहाँ पठाएको जानकारी दिए । नाता प्रमाणित शुल्क भने १५० नै निर्णय भई तोकिएको पनि उनले बताए ।

त्यसपछि थप यथार्थता बुझ्न त्रितालले के कारणले त्यस्तो हुन गयो? भनी गाविस सचिव रामकुमार डँगोललाई फोन गरी जिज्ञाषा राखे । सचिव डँगोलले बसाईं सराईबापत रकम लिएको जिकिर गरे । त्रितालले रसिद नं. नै भनेर विवाह दर्ता बापत लेखिएको छ नि त? भनी भनेपछि उनले आफूले रसिद हेर्नुपर्ने बताए । उनले वार्षिक ६० हजार आन्तरिक आय पुर्‍याउने लक्ष्य भएकोले रकम लिने गरेको बताए । पञ्जिकरणको काम समयमा गर्दा निःशुल्क सेवा पाउनु पर्ने होइन र ? भनी जिज्ञाषा राख्दा भने उनले निःशुल्क पाउनु पर्ने स्वीकार गरे । त्यो भाइको भुलवशः रकम लिएको रहेछ भने म फिर्ता गर्छु । यसलाई ठूलो विषय नबनाऔं । उनले आग्रह गर्दै भने : म मोवाइलमा रकम ट्रान्सफर गरेर भए पनि भाइलाई उपलब्ध गराउँछु । सचिवले सेवाग्राहीको सम्पर्क नम्बर मागेर आफूले सम्पर्क गरी कुरा गर्ने बताए । उनले सेवाग्राही गजेन्द्र भण्डारीलाई मोवाइलमा सम्पर्क गरी भूलवश रकम लिइएको र आफूले फिर्ता गर्ने बताएको गजेन्द्रले टेलिफोनमा बताए । यसरी नियम मिचेर स्वविवेकी अधिकार देखाउँदै निःशुल्क दिनुपर्ने सेवामा समेत रकम लिनु गैरकानुनी काम हो । यदि ३५

दिन कटेको अवस्थामा भने विलम्व शुल्क अर्थात जरिवाना बापतको रू ५० दस्तुर लाग्ने कार्यालय सहयोगी वाग्लेले बताए । यसरी निःशुल्क पाउनु पर्ने सेवाबापत दस्तुर लिने गाविस सचिव डँगोलले भण्डारीको त रकम फिर्ता गर्ने भएका छन् तर अन्यसर्वसाधारण गाउँले सेवाग्राहीहरूसंग उनले कति र कसरी शुल्क रकम लिन्छन्? र रसिद दिने गरेका छन् या छैनन्? भन्ने कौतुहलता भएको भण्डारीले बताए ।

स्थानीय निकायले दिने सेवा सुविधामध्ये पञ्जिकरणको काम प्रमुख हो । स्थानीय निकाय भनेको स्थानीय पञ्जिकाधिकारीको कार्यालय समेत हो । सो कार्यालयले पञ्जिकरणको काम अन्तरगत जन्म दर्ता, मृत्यु दर्ता र विवाह दर्ता जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र दर्ता गर्न आए निःशुल्क र त्यसपछि दर्ता हुन आए जरिवाना दस्तुर परिषद्बाट तोकी लिनुपर्ने व्यवस्था गाविसको नागरिक वडापत्रमा उल्लेख गरिएको हुन्छ । त्यस्तै बसाईं सराई तथा सम्बन्ध विच्छेदका व्यक्तिगत घटना दर्ता समेत पञ्जिकरण अन्तरगत पर्दछन् । नागरिक वडापत्र अनुसार गाविसका कर्मचारीहरूले इमान्दारीपूर्वक काम नगरी दिँदा सेवाग्राहीहरू ठगिने र दुःख पाउने घटनाहरू बेला बेला सार्वजनिक भइरहेको पाइन्छ । यसमा सबै सचेत एवं सजग हुन जरूरी छ ।

## CSO ले गरेको आयोजना अनुगमनबाट भयो उपभोक्ता समितिबाट गाविसलाई रकम फिर्ता

गुल्मी जिल्लाको अर्जे गाविसमा सञ्चालित स्थानीय निकायको कानूनी तथा नीतिगत व्यवस्था पालना अनुगमन कार्यक्रम अन्तर्गत अनुगमन तथा सहजिकरणका लागि छनौट गरिएको हरिसिङ्गे च्यानागैरा ठाँटी मोटरबाटो उपभोक्ता समितिले योजनाको लागि छुट्याइएको रकम रू. २९६००० मध्येबाट तोकिएको सबै काम सम्पन्न गरी ९००० रूपैँया बचत गरेको र सो रकम गाविसलाई फिर्ता गरेको छ । अनुगमन तथा सहजिकरणको क्रममा उपभोक्ता समितिको काम कर्तव्य र डिजाईन स्टिमेटबारे कार्यक्रमका सब इन्जिनियर डिल्लीराज खनालले जानकारी गराएको र पटक पटक अनुगमन गर्दा विनियोजन गरिएको भन्दा कम रकममा काम सम्पन्न गर्न सफल भएको कुरा उपभोक्ता समितिकी अध्यक्ष सिता अर्याल भण्डारी ले बताउनु भयो । उक्त रकम सोही बाटो मर्मत सम्भारका लागि विनियोजन गर्ने सोँच रहेको कुरा गाविस सचिव युवराज खड्काले बताउनु भएको छ । सो गाविसमा २ पटक सार्वजनिक सुनुवाई र उपभोक्ता समिति मार्फत काम भएका सबै योजनामा अनुगमन तथा सहजिकरण समिति बन्नुका साथै सार्वजनिक परीक्षण समेत सबै योजनामा सम्पन्न भएको छ ।

## सामाजिक सुरक्षा भत्ता वितरणको स्थलगत अनुगमन, सामाजिक सुरक्षा भत्ता पाउने संख्या घट्यो

गुल्मी जिल्लाका स्थानीय निकायमा नीतिगत व्यवस्था पालना अनुगमन कार्यक्रम सञ्चालनपछि गाविसहरूमा सामाजिक सुरक्षा भत्ता पाउने संख्या घटेको छ । पालना अनुगमन अन्तर्गत सामाजिक सुरक्षा भत्ता वितरणको अवस्था अनुगमन गर्ने क्रममा नागरिक समाजको संस्थाको प्रयासमा सुरक्षा भत्ता पाएका मध्ये धेरैको नाम कटौती भएको छ । बैंकिङ्ग प्रणालीमा गएका गाविस तथा नगरपालिकामा त्यति फरक नपरे पनि अन्य गाविसहरूमा यो संख्या घटेको र रकम फिर्ता भएको छ । संस्थाले पटक पटक गरेको अनुगमन पश्चात कतिपय गाविसमा ठूलो संख्यामा सामाजिक सुरक्षा भत्ता पाउनेको संख्या घटेको देखिन्छ । त्यसमध्ये जेष्ठ नागरिकतर्फ वस्तु गाविसमा १०, दर्लामचौरमा २८, अर्लाङ्गकोटमा ९, लिम्घामा १५, बलिथुममा ९ जना घटेका छन् भने एकल महिलातर्फ अर्लाङ्गकोटमा ५, वस्तु, लिम्घा र बलिथुममा ४-४ जना घटेका छन् । त्यस्तै जेष्ठ दलिततर्फ अर्लाङ्गकोटमा ६ र लिम्घामा ७ जना घटेका छन् । त्यसैगरी बालबालिकातर्फ लिम्घामा १८, अर्जेमा ६ र अश्लेवामा ४ जना घटेका छन् । यस अवधिमा ज्येष्ठ नागरिक ९४, एकल महिला २२, दलित ज्येष्ठ नागरिक १९ र बालबालिका ३३ जना घटेका छन् ।

## CSO ले पालना अनुगमन गरे पश्चात स्थानीय निकायबाट गरेका प्रतिबद्धता नमूना

जिल्ला विकास समितिको कार्यालय

गुल्मी

प.स. ३३४६

च.नं.

मितिः २०७२/०३/२९

विषय : प्रतिवद्धता सम्बन्धमा ।

स्थानीय निकायको कानूनी र नीतिगत व्यवस्था पालना अनुगमन कार्यक्रमअन्तर्गत निम्न प्रतिवद्धता गरिएको छ -

१. योजना तर्जुमा प्रक्रियालाई सहभागितामूलक र समावेशी बनाउने तथा वस्तीस्तरको भेला समेतका सबै चरणको अवलम्बन गर्ने ।
२. वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रबाट आएका योजनाहरु एकीकृत योजना तर्जुमा समितिमा पेश गर्ने र त्यसबाट पारित योजनामध्येबाट परिषदले छनौट गर्नु पर्ने व्यवस्था अवलम्बन गराउने ।
३. लक्षित वर्गका लागि विनियोजन गरिने बजेट एकमुष्ठमा नराखी योजनागत रुपमा परिषदबाट विनियोजन गर्ने/गराउने ।
४. सामाजिक सुरक्षा भत्ता ठिक समयमा गाविस र नगरपालिकामा पठाउने तथा पाउनेहरुको नामावली हरेक चौमासिकमा सार्वजनिक सुनुवाई गरी अनुमोदन गर्न लगाउने ।
५. कर्मचारी वा सामाजिक परिचालकको उपस्थितिमा उपभोक्ता समितिको गठन गर्ने र संझौतापूर्व सामूहिक रुपमा अनुशिक्षण गर्ने/गराउने ।
६. आयोजनाको लगत स्टीमेट स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम सर्वसाधारणले बुझ्ने गरी नेपाली भाषामा तयार गर्ने/गराउने ।
७. उपभोक्ता समितिमार्फत गरिने योजनालाई समयमै संझौता गरी तोकिएका शर्तबमोजिम काम सम्पन्न गर्न लगाउने र सोबमोजिम भए नभएको हेर्न योजनास्तरको अनुगमन तथा सहजीकरण समितिको अनिवार्य गठन गरी क्रियाशिल बनाउने ।
८. स्थानीय निकाय स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिबाट हरेक योजनाको अनुगमन, देखिएका समस्या समाधानको लागि विशेष निर्णय र सूचना दिने साथै हरेक अनुगमन पछि प्रतिवेदन बुझाउने व्यवस्थाको कार्यान्वयन गर्ने ।
९. योजनाहरुमा अनिवार्य रुपमा सार्वजनिक परीक्षण गरी त्यसको प्रतिवेदन प्राप्त भएपछि अन्तिम किस्ता निकासा दिने ।
१०. योजना तर्जुमा, उपभोक्ता समिति गठन, अनुगमन र सहजीकरणमा वडा नागरिक मञ्चको सक्रियता बढाउने तथा नागरिकका गुनासा सम्बोधनको अभ्यास गराउने ।
११. हरेक वर्ष ३ पटक सार्वजनिक सुनुवाई आयोजना गर्ने र त्यस्तो सुनुवाईमा EXIT POLL र CRC आदि माध्यमबाट नागरिकका अभिमत संकलन गरी प्रस्तुत गर्ने साथै आर्थिक वर्षको अन्त्यपछि सामाजिक परीक्षण गर्ने/गराउने ।
१२. पारदर्शिता अभिवृद्धिको लागि सार्वजनिक सूचना र संचार माध्यममार्फत स्थानीय निकायका कार्यक्रम, योजना र सेवासम्बन्धी सूचना नियमित प्रकाशन/प्रशारण गर्ने/गराउने ।
१३. मेशेनरी सामाग्रीको प्रयोग गरी सम्पन्न गर्नु पर्ने योजनामा सोही बमोजिम डिजाईन स्टीमेट तयार गरी फछ्र्यौट गर्ने/गराउने ।
१४. स्थानीय निकायबाट सञ्चालन गरिने योजनाको समयमै सम्झौता गरी कार्य सम्पन्न भए लगत्तै निकासा दिने
१५. अन्तिम लेखा परिक्षण प्रतिवेदनमा दिइएका सुझावको कार्यान्वयनका लागि एयोतस बैठक र परिषद्बाट बुँदागत छलफल र आवश्यक निर्णय गर्ने/गराउने ।
१६. वित्तिय जोखिम न्यूनिकरण गर्न तथा वित्तिय जवाफदेहिताको लागि आवश्यक पहल कदम चाल्ने ।
१७. नागरिक वडापत्रलाई अद्यावधिक गरी सर्वसाधारणले बुझ्ने ठुला अक्षरमा लेखाई कार्यालय अगाडि राख्ने ।

डिलाराम पन्थी

स्थानीय विकास अधिकारी

## आ.व. २०७२/०७३ मा अनुगमन गरिने स्थानीय निकाय संख्या

सचिवालयबाट आ.व. २०७२/०७३ मा स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमनका लागि ६५ जिल्ला विकास समिति, ५२ नगरपालिका र ११७० गाउँ विकास समिति छनौट गरेको छ। साथै पालना अनुगमनका लागि छनौट भएका नागरिक समाजका संस्थाहरुले गत आ.व.मा अनुगमन गरिएका ५९५ स्थानीय निकायमा समेत प्रतिबद्धता पालना अनुगमन लगायत स्थानीय निकायलाई अन्य सहयोग तथा सहजिकरणको कार्य गर्ने गरी सम्झौता गरिएको छ। आ.व. २०७२/०७३ मा अनुगमन गरिने नगरपालिका तथा गाउँ विकास समितिको नाम सहितको विवरण अनुसुचीमा संलग्न छ।

## नागरिक समाजका संस्थाहरुले संचालन गर्ने कार्यहरु

**(क) अन्तरक्रिया/अभिमुखिकरण कार्यक्रमः**

स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमन गर्ने नागरिक समाजका संस्थाहरुले कार्यक्रम सचालनका लागि छनौट गरेका स्थानीय निकाय (जिविस, न.पा. र गा.वि.स.) मा कार्यक्रमको शुरु चरणमा नै कार्यक्रमको परिचय, उद्देश्य, अपेक्षित उपलब्धिहरु, संचालन गरिने क्रियाकलापहरु र स्थानीय निकायका प्रतिनिधि तथा सरोकारवालाहरुको भूमिकाका सम्वन्धमा स्थानीय निकाय कर्मचारी, नागरिक समाज, राजनीतिक दल लगायत सरोकारवालाहरुको सहभागितामा अन्तरक्रिया कार्यक्रम संचालन गर्नेछन्। यस कार्यक्रमबाट पालना अनुगमनमा नागरिक समाज, राजनैतिक दल तथा सरोकारवालाहरुसंगको समन्वयमा अनुगमन क्रियाकलाप सञ्चालनमा सहयोग पुगी कार्यक्रम उपलब्धिमूलक हुने अपेक्षा गरिएको छ।

**(ख) आधारभूत सर्वेक्षण :**

नागरिक समाजका संस्थाहरुबाट स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमन गरिने स्थानीय निकायमा निर्दिष्ट आधारभूत सर्वेक्षण फाराम संकलन गर्ने कार्य गर्नेछन्। जसको आधारमा स्थानीय निकायको कार्यक्रम संचालन पूर्वको अवस्था तथा कार्यक्रमबाट प्राप्त उपलब्धि मापन गर्न सहज हुने छ।

**(ग) रेडियो कार्यक्रम सञ्चालनः**

संस्थाहरुले कार्यक्रम संचालनको समयावधिमा प्रत्येक हप्ताको एक पटक कम्तिमा ४५ मिनेटको रेडियो कार्यक्रम संचालनका लागि स्थानीय रेडियोसँग सम्झौता गर्नेछन्। यस रेडियो कार्यक्रम मार्फत स्थानीय निकायले प्रदान गर्ने सेवा तथा सुविधाका वारेमा नागरिकलाई सुसूचित गर्नुका साथै स्थानीय निकायको क्रियाकलाप सञ्चालनमा नागरिक समुदायको भूमिकाको वारेमा समेत जानकारी गराउने विषयवस्तुहरु समावेश गरिने छन्। रेडियो कार्यक्रम मार्फत स्थानीय निकायको समन्वयमा स्थानीय निकायबाट सार्वजनिकीकरण गर्नुपर्ने विषयवस्तुहरु सूचनामूलक रुपमा समेत प्रस्तुत गर्नेछन्। रेडियो कार्यक्रमलाई प्रभावकारी र सवै समुदायको पहुँचमा पुर्याउनको लागि नागरिक समाजका संस्थाहरुले रेडियो कार्यक्रम प्रशारण तालिका कार्यक्रम सञ्चालन जिल्लाका प्रत्येक वडा नागरिक मञ्च, राजनितिक दल तथा सरोकारवाला सवैलाई वितरण गर्नु पर्ने छ। यसमा रहने विषयवस्तु छनौटमा स्थानीय निकाय प्रतिनिधि, जिल्ला एवं शहरी शासन विज्ञ तथा नागरिक समाज संस्था प्रतिनिधिको संलग्नता रहने छ।

**(घ) छनौट भएका नगरपालिका तथा जिल्ला विकास समितिको सार्वजनिक सुनुवाईमा सहजीकरणः**

स्थानीय निकायबाट संचालन हुने क्रियाकलापहरुलाई पारदर्शी, जवाफदेही र जनसहभागितामूलक बनाई आर्थिक सुशासन एवं सार्वजनिक स्रोतको कुशल व्यवस्था गरी सुशासनको प्रत्याभूति दिने र सेवा प्रवाह गर्ने कार्यालयले अनिवार्य रुपमा चौमासिक रुपमा सार्वजनिक सुनुवाईका औजारहरु प्रयोग गर्ने व्यवस्था सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ एवं नियमावली, २०६५ मा रहेको छ। यसै अनुसार स्थानीय निकाय सार्वजनिक सुनुवाई सञ्चालन कार्यविधि, २०६७ ले प्रावधान गरेको विधि एवं प्रक्रिया पूरा गरी नियमित रुपमा सार्वजनिक सुनुवाईको आयोजना गर्न स्थानीय निकायलाई नागरिक समाजका संस्थाले सहयोग गर्नु पर्ने छ। कार्यक्षेत्र छनौट भएको नगरपालिका तथा जिल्ला विकास समितिले आयोजना गर्ने सार्वजनिक सुनुवाईमा कार्यविधि अनुसार पालना नगरिएका विधि एवं प्रक्रियामा सहयोग गर्नु नागरिक समाज संस्थाको भूमिका रहने छ। साथै स्थानीय निकायले सञ्चालन गर्ने सार्वजनिक सुनुवाईमा बढी भन्दा बढी नागरिक समुदायको संलग्नता गराउने कुरातर्फ पनि संस्थाहरुले पहल गर्नु पर्ने छ। सार्वजनिक सुनुवाई नियमित तथा प्रक्रियागत रुपमा सञ्चालन नभएको अवस्थामा नियमित एवं प्रक्रिया पूरा गरी सञ्चालन गर्न गराउन सहयोग गर्नुका साथै सञ्चालन गर्ने गरेको अवस्थामा त्यसको गुणस्तरमा बृद्धि गर्न तर्फ नागरिक समाज संस्थाहरुको पहल रहने छ। यसबाट हाललाई सम्पूर्ण जिल्ला विकास समिति र छनौट भएका नगरपालिकामा सार्वजनिक सुनुवाईलाई नियमित सञ्चालन ल्याउन सहयोग मिल्न गई समुदाय र स्थानीय निकाय बीचमा सवाल जवाफको माध्यमबाट सञ्चालित क्रियाकलापका सम्वन्धमा नागरिकले उठाएको सवालको उचित जवाफ दिने परिपाटिको विकासमा टेवा पुग्ने आशा गरिएको छ।

### (ङ) कानुनी र नीतिगत व्यवस्था पालना अनुगमनः

स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालयले स्थानीय निकायको सुशासन प्रवर्द्धनका लागि तयार गरेका जिल्ला विकास समिति, नगरपालिका र गाऊँ विकास समितिहरुको छुट्टाछुट्टै विभिन्न ६२ सूचकहरुको आधारमा अनुगमन गर्नेछन् । ती सूचकहरुको आधारमा ऐन तथा कार्यविधिमा भएको व्यवस्था, स्थानीय निकायले व्यवहारमा गर्ने गरेको क्रियाकलापहरुको आधारमा फरक (कार्यविधिमा भएको प्रावधान र व्यवहारमा भएको अभ्यास बीचको फरक) पत्ता लगाई सम्वन्धित स्थानीय निकायसंग पाइएका फरकहरुमा छलफल गरी कार्यविधि अनुसार नै क्रियाकलापहरु संचालन गर्नको लागि प्रतिवद्धता सहितको कार्ययोजना निर्माण गर्नेछन् । तयार गरिएको कार्ययोजना र गरिएको प्रतिवद्धता पालना भए नभएको समेत नागरिक समाजका संस्थाहरुले निरन्तर अनुगमन गर्नेछन् । कार्ययोजनाको पालनाबाट अनुगमनबाट सूचकहरुमा पालना नभएका विषयवस्तुको सुधार नै नागरिक समाज संस्थाले स्थानीय निकायमा सञ्चालन गरेका क्रियाकलापहरुको प्रमुख एवं महत्वपूर्ण उपलब्धि हुनेछ ।

| सूचकहरु | ऐन नियममा भएको प्रावधान | परिपालनाको अवस्था (व्यवहारमा गरेको अभ्यास) | फरक | पाइएका फरक परिपूर्तिका लागि स्थानीय निकायको प्रतिवद्धता | प्रतिवद्धता कार्यान्वयको उपलब्धि |
|---|---|---|---|---|---|
| | | | | | |

### (च) संचालित आयोजनाहरुको छनौट तथा अनुगमनः

सम्वन्धित स्थानीय निकायले संचालनमा ल्याएको आयोजनाहरुमध्ये स्थानीय निकायको समन्वयमा नागरिक अनुगमनका लागि प्रति स्थानीय निकाय एक (१) आयोजनाहरुको छनौट गरी निरन्तर अनुगमन गर्ने छन् । आयोजनाहरुको अनुगमनका क्रममा नागरिक समाजका संस्थाहरुले स्थानीय निकाय स्तरको अनुगमन तथा मूल्याङ्कन समितिलाई समेत सहभागी गराई उनीहरुको क्षमता अभिबृद्धि गर्ने कार्य समेत गर्ने छन् । छनौट गरिएका आयोजना अनुगमनका क्रममा पाइएका कमिकमजोरीहरुलाई सुधार गर्नका लागि सम्वन्धित स्थानीय निकाय लगायत आयोजना कार्यान्वयन गर्ने निकायलाई पृष्ठपोषण समेत प्रदान गर्नेछन् । प्रदान गरिएको पृष्ठपोषणको आधारमा आयोजना संचालन प्रक्रिया पूरा भए नभएको समय समयमा स्थानीय निकायसंगको समन्वयमा अनुगमन समेत गर्ने छन् । यस प्रकार स्थानीय निकायबाट सञ्चालन हुने आयोजनाहरु मध्ये छनौट भएका आयोजनाहरुको गुणस्तर राम्रो हुने तथा आयोजना सञ्चालन प्रक्रियामा जनसहभागिता बृद्धि भई आयोजनाको नागरिक अनुगमन एवं खवरदारीमा नागरिक संलग्नतामा बृद्धि ल्याउनु नागरिक समाजका संस्थाको प्रयास निरन्तर रहनु पर्ने छ । यसबाट स्थानीय स्तरमा सञ्चालन हुने योजनामा स्थानीय स्तरबाट नै अनुगमन तथा निगरानी भई योजनाको गुणस्तरमा बृद्धि ल्याउने परिपाटिको दीर्घकालीन विकास हुने अपेक्षा गरिएको छ ।

### (छ) जवाफदेहिता अभिबृद्धिका औजारहरु संचालनमा सहजीकरणः

नागरिक समाजका संस्थाहरुले स्थानीय निकायले चौमासिक रुपमा संचालन गर्नुपर्ने सार्वजनिक सुनुवाई, वार्षिक रुपमा सञ्चालन गर्नुपर्ने सामाजिक परीक्षण तथा आयोजना सम्पन्न पछि आयोजना कार्यान्वयन गर्ने निकायले सञ्चालन गर्नुपर्ने सार्वजनिक परीक्षण कार्यविधि अनुसार भए नभएको अनुगमन गर्नुका साथै कार्यविधि अनुसार ती क्रियाकलापहरु संचालनमा स्थानीय निकायलाई सहयोग समेत गर्नेछन् । यसका साथै स्थानीय निकायमा नागरिक वडापत्रको व्यवस्था, गुनासो रेकर्ड एवं व्यवस्थापन, सूचना प्रदान गर्ने व्यवस्था लगायतका जवाफदेहिताका अन्य संयन्त्रको व्यवस्था समेतको अनुगमनको आधारमा स्थानीय निकायलाई ती सूचकहरु कार्यान्वयन गर्नका लागि आवश्यक सहयोग गर्नेछन् । नागरिक वडापत्र, गुनासो पेटिका तथा सूचना पाटीको प्रयोगमा नागरिक सचेतना बृद्धि गर्नुका साथै सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणमा बढी भन्दा बढी जनसहभागिता गराई स्थानीय निकायसंग प्रत्यक्ष सवाल जवाफको माध्यमबाट स्थानीय निकायको क्रियाकलापमा सहभागिता र पारदर्शिताको माध्यमबाट जवाफदेही प्रशासन निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने छ ।

### (ज) सिकाईहरुको जानकारी एवं पुनरावलोकन कार्यक्रमः

नागरिक समाजका संस्थाहरुले कार्यक्रम संचालन अवधिमा प्राप्त गरेका सिकाई अनुभवहरुको जानकारी तथा पुनरावलोकन कार्यक्रम संचालन गर्नेछन् । यस कार्यक्रममा नगरपालिका तथा गाऊँ विकास समिति स्तरमा वडा नागरिक मञ्च, एकिकृत योजना तर्जुमा समिति तथा स्थानीय निकाय अनुगमन एवं सुपरिवेक्षण समितिहरुको सहभागिता रहने छ । यस्तो सहभागिताबाट नागरिक समाजका संस्थाहरुको कार्यक्रम सञ्चालनको क्रममा पाइएका सकारात्मक एवं सुधार गर्नुपर्ने पक्षमा छलफलबाट सहभागीहरुको क्षमता बृद्धि तथा तत्काल सुधार गर्न सकिने विषयवस्तुको सुधार एवं आगामी दिनमा कमिकमजोरीहरुलाई निराकरण गर्नमा मद्धत मिल्ने छ ।

### (झ) क्षमता अभिबृद्धि तालिमः

नागरिक समाजका संस्थाहरुले छनौट गरिएका गाऊँ विकास समिति तथा नगरपालिकामा वडा नागरिक मञ्च (WCF), नागरिक सचेतना केन्द्र (CAC) तथा सामाजिक परिचालकको सहभागितामा एक दिने जवाफदेहिताको औजार (सार्वजनिक परीक्षण) सम्वन्धी क्षमता अभिबृद्धि तालिम सञ्चालन गर्नेछन् । यस किसिमको तालिमबाट वडा नागरिक मञ्चका सदस्यहरुलाई सक्षम गराई स्थानीय स्तरमा सञ्चालित आयोजनाको निरन्तर अनुगमन तथा नागरिक निगरानीमा उनीहरुलाई सक्षम गराउनु यसको उद्देश्य रहेको छ । स्थानीय स्तरमा सञ्चालित आयोजनाको सार्वजनिक परीक्षणको उद्येश्य, यसको महत्व तथा नागरिकको भूमिकाका

सन्दर्भमा सहभागीहरुलाई जानकारी गराई यसलाई व्यवहारमा लागू गर्न प्रतिवद्धता गराई आगामी दिनका आयोजनाको सार्वजनिक परीक्षणमा उनीहरुको सहभागितालाई सुनिश्चित गर्नु पर्ने छ ।

**(ञ) नागरिक अधिकारयुक्त सेवाका सम्वन्धमा नागरिक जिम्मेवारी सम्वन्धी सचेतीकरण कार्यक्रमः**

छनौट भएका नगरपालिका तथा गाऊँ विकास समितिहरुमा एक दिने नागरिक जिम्मेवारी सम्वन्धी नागरिक सचेतीकरण कार्यक्रम संचालन गर्ने छन् । यस कार्यक्रममा समुदायका नागरिकहरुको सहभागितामा नागरिक अधिकारयुक्त सेवाका वारेमा जानकारी गराउनुका साथसाथै ती अधिकारहरुको प्राप्तिमा नागरिक समुदायले पूरा गर्नुपर्ने भूमिका तथा नागरिक जिम्मेवारीको वारेमा छलफल गरिने छ । यस कार्यक्रम मार्फत अधिकार माग गर्दा नागरिकले आफ्नो तर्फबाट पूरा गर्नुपर्ने विधि तथा प्रक्रियामा विशेष सचेत गरिने गरी छलफल गरिने छ ।

**(ट) आयोजनाहरुको अनुगमन, जानकारी मूलक कार्यक्रमः**

नागरिक समाजका संस्थाले कार्यक्षेत्रमा संचालित आयोजनाहरुमध्ये अनुगमनका लागि छनौट गरेका आयोजनाहरुको चरण चरणमा विभिन्न सूचकहरुको आधारमा अनुगमन गर्नेछन् । उक्त आयोजनाहरुको अनुगमन पश्चात सम्वन्धित निकायलाई प्राप्त विषयमा पृष्ठपोषण समेत प्रदान गर्नेछन् । यसका साथै ती आयोजनाहरुको अनुगमन पश्चात अनुगमन विधि, सूचकहरु, प्राप्त गरेका विषय, दिएको पृष्ठपोषण, भएको सुधार जस्ता समग्र विषयमा सम्वन्धित वडा नागरिक मञ्च (WCF), नागरिक सचेतना केन्द्र, अनुगमन एवं सुपरिवेक्षण समिति, राजनीतिक दल लगायत सरोकारवालाहरु सम्मिलित कार्यक्रम आयोजना गरी जानकारी प्रदान गर्नेछन् ।

**(ठ) जिल्लास्तरमा जानकारीमूलक कार्यक्रमको आयोजनाः**

चरणबद्ध कार्यक्रम सञ्चालनको अन्तमा स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमनबाट जिल्ला विकास समिति, महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका र गाँऊ विकास समितिहरुमा पाईएका विषयवस्तुहरुको जानकारीमूलक जिल्ला स्तरमा कार्यक्रम संचालन गर्नेछन् । कार्यक्रम अवधिभर नीतिगत व्यवस्था पालना अनुगमन प्रक्रिया, ऐन तथा कार्यविधिमा भएको व्यवस्था, स्थानीय निकायले व्यवहारमा गरेको अभ्यास, नागरिक समाजका संस्थाहरुको पहलमा निर्माण गरिएको सुधारको कार्ययोजना तथा प्रतिवद्धता, कार्ययोजना तथा प्रतिवद्धता अनुसार सुधार भएका विषवस्तुहरु सहित स्थानीय निकायले अवका दिनमा कार्यान्वयन गर्नुपर्ने क्रियाकलापहरु समेत समेटी छलफल मार्फत सरोकारवाला निकाय समक्ष सार्वजनिकीकरण गर्ने छन् ।

**(ड) प्रतिवद्धता पालना अनुगमन :**

आ.व.२०७२/०७३ मा सञ्चालन गरिने क्रियाकलापहरु अघिल्लो आ.व.मा छनौट भएका कार्यक्षेत्र बाहेक यो आ.व.मा छनौट भएका कार्यक्षेत्रम सञ्चालन गर्ने छन् भने गत आ.व.२०७१/०७२ मा अनुगमन गरिएका स्थानीय निकायमा सुधारका लागि स्थानीय निकाय र सरोकारवालाहरु बीचमा कार्ययोजना सहित गरिएको प्रतिवद्धता पालना भए नभएको अनुगमन गरी उक्त प्रतिवद्धता पालनामा सहजिकरण गर्ने छन् । यसबाट नागरिक समाजका संस्थाहरुले स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमनमा स्थानीय निकायले कार्यविधि बमोजिमका क्रियाकलापहरु नियमित सञ्चालन र कार्यान्वयनमा समुदायमा रहेका वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रलाई निरन्तर सहभागी गराई उनीहरुको क्षमता बृद्धिमा समेत सहयोग गर्ने छन् र आन्तरिक जवाफदेहिता बृद्धिको माध्यमबाट स्थानीय निकायमा सुशासन प्रत्याभूत गर्न सहयोग मिल्ने छ ।

## स्थानीय सरकारको जवाफदेहिता अभिबृद्धि परियोजना (SALGP)

स्थानीय सरकारको जवाफदेहिता अभिबृद्धि परियोजना नेपाल सरकार तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्विस सरकारको संयुक्त सहकार्यमा सञ्चालित परियाजना हो । यसले त्यस्ता नागरिक विशेषगरी सामाजिक वन्चितिकरणमा परेका र विपन्न वर्गहरुको स्थानीय शासन प्रक्रियामा संलग्नता अभिबृद्धि गरी, मागमा आधारित स्थानीय शासन प्रक्रिया सुदृढीकरण गर्नु यसको प्रमुख उद्येश्य रहेको छ । यस परियोजनाको कार्यान्वयन निकाय कोम्याट-आस्था जेभीमा रहेको छ । परियोजना कार्यान्वयन तथा व्यवस्थापनका लागि केन्द्रमा परियोजना सहयोग इकाई स्थापना भएको छ । परियोजनाले सन २०१३/२०१७ सम्ममा अछाम, कालिकोट, जाजरकोट, सुर्खेत, दैलेख, रामेछाप, सिन्धुली, ओखलढुंगा र खोटाङ गरी नेपालका ९ जिल्ला समेटेको छ ।

### क्षमता विकास र पारदर्शिता प्रवर्द्धनमा एसएएलजीपिको योगदान

स्थानीय निकायको सशक्तिकरण, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा नागरिक सचेतना निर्माण गर्ने, सेवाग्राहीहरुलाई स्थानीय निकाय तथा विषयग कार्यालयले प्रदान गर्ने सेवा सुविधाका वारेमा जानकारी गराउने र नागरिकले निर्वाह गर्नु पर्ने दायित्वहरुवारे नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्च मार्फत नागरिक शिक्षाको माध्यमबाट नागरिकलाई आफ्नो दायित्ववोध गराउने जस्ता कार्यक्रहरु सञ्चालन गरिरहेको छ ।

### सामाजिक जवाफदेहिताका संयन्त्रको प्रयोग

सामाजिक जवाफदेहिता प्रबर्द्धनमा परियोजनाले स्थानीय नागरिक समाजका संस्थाहरुको प्राविधिक क्षमता अभिवृद्धि गर्ने, उनिहरुलाई विशेष गरी सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, नागरिक प्रतिदेन पत्र सर्वेक्षण, सामुदायिक अंक पत्र तथा सार्वजनिक खर्चको सोधखोज तथा पालना अनुगमन जस्ता जवाफदेहिता प्रबर्द्धनका विधिहरुको वारेमा क्षमता विकास गर्दै यस्ता संयन्त्रहरुको प्रयोग परियोजनाले गरिरहेको छ ।

गत वर्ष परियोजनाले १०४ जना स्थानीय नागरिक समाजका

*'वातावरण प्रदुषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदुषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने व्यवस्थाको पालना गरौं, गराऔं ।'*



गाविस स्तरीय सार्वजनिक सुनुवाई, दैलेख

संस्थाका प्रतिनिधिलाई विभिन्न सामाजिक जवाफदेहिताका संयन्त्रहरुको बारेमा क्षमता विकास तालिम प्रदान गरेको थियो। तालिम प्राप्त सामाजिक जवाफदेहिता अभ्यासकर्ता मार्फत परियोजनाले गत आर्थिक वर्षमा २७१ गाउँ विकास समिति र ९ वटा जिल्ला विकास समितिको सार्वजनिक खर्चको सोधखोज सर्वेक्षण तथा पालना अनुगमन गरेको थियो।

नागरिक समाजका संस्थाहरुको समन्वयमा सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग मार्फत स्थानीय सरकारलाई जवाफदेही र पारदर्शी बनाउन सहयोग गदै आएको छ। यस्ता विधि प्रयोग पश्चात प्राप्त उपलब्धि, सिकाई, चुनौति र सुधार गर्नु पर्ने पक्षको परिचान गरी सम्बन्धित स्थानीय निकायलाई पृष्ठपोषण गर्ने काम पनि परियोजनाले गदै आएको छ। सार्वजनिक सेवा प्रवाहमा नागरिको सन्तुष्टि कति छ ? सेवाको गुणस्तर कस्तो छ ? सेवा प्रदायकको व्यवहार लगायत विभिन्न आयामहरुको बारेमा नागरिक प्रतिवेदन पत्र मार्फत परियोजनाले सर्वेक्षण गर्दै आएको छ। परियोजनाले गत आर्थिक वर्षमा सातवटा कार्यालय र प्रत्येक जिल्लाबाट पाँच गाविसका करिव ५५०० सेवाग्राहीहरु संग सेवाको सन्तुष्टि लगायतका विभिन्न आयममा केन्द्रित रहेर नागरिक प्रतिवेदन पत्र सर्वेक्षण गरेको थियो। उक्त सर्वेक्षणबाट शिक्षा, स्वास्थ, कृषि, वन, खानेपानी, जिविस लगायतका कार्यालयहरुमा सेवाग्राहीको सन्तुष्टि ४२ प्रतिशत रहेको देखिएको छ।

यस्तै सामाजिक जवाफदेहिताका संयन्त्रको प्रयोगले गाविसको सूचना प्रवाहमा पारदर्शिता वृद्धि भएको छ भने नागरिक वडा पत्रको प्रयोग र प्रभावकारितामा टेवा पुगेको छ। त्यस्तै गरी जिविस र गाविसले कार्यविधि बमोजिम सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्ने कार्यको थालनी भएको छ। गत आर्थिक वष परियोजना कार्यरत गाविस मध्ये १२८ गाविस, ११ वटा जिविस स्तरीय र ५ वटा नगरपालिका स्तरीय सार्वजनिक सुनुवाई सम्पन्न भएका थिए।

सार्वजनिक सुनुवाईको सञ्चालनमा परियोजनाले सहजीकरण लगायत अन्य प्राविधिक सहयोग गरेको थियो। कतिपय जिल्लामा गाविस र जिविसले लिखित पत्र मार्फतनै परियोजनालाई सार्वजनिक सुनुवाईको सहजीकरण गर्न अनुरोध गरेका थिए। यसरी परियोजना सञ्चालन भएको जिल्लामा स्थानीय निकाय र परियोजनाको बीचमा प्रभावकारी समन्वय हुँदा सार्वजनिक सुनुवाई गर्ने अभ्यासको राम्रो थालनी हुनुको साथसाथै सार्वजनिक सुनुवाई कार्यविधि २०६७ को पालना पनि विगतमा भन्दा वृद्धि भएको पाइन्छ।

सार्वजनिक सुनुवाई कार्यक्रममा विपन्न वर्गको उपस्थिति र उनिहरुले प्रश्न तथा गुनासाहरु निर्भिक रुपमा राख्ने अभ्यासको पनि राम्रो थालनी भएको छ। गत वर्ष ५८८२ जना दलित, जनजाति र महिलाहरुले सार्वजनिक सुनुवाईमा उपस्थित भएर ७६९ वटा प्रश्न तथा गुनासाहरु राखेका थिए, जसमध्ये ४३४ वटा गुनासाहरु समाधान भएका थिए।

## सञ्चार माध्यमको परिचालन

परियोजनाले नागरिकलाई आफ्नो अधिकार र दायित्ववारे सचेतना निर्माण गर्ने उद्देश्यले सार्वजनिक सेवा, सुविधा तथा अधिकारहरुवारे स्थानीय संचार माध्यम मार्फत सार्वजनिक सन्देश प्रशारण भैरहेको छ। त्यसै गरी सुशासनका लागि सामाजिक जवाफदेहिता कार्यक्रम पाक्षिक रुपमा स्थानीय एफएम मार्फत प्रशारण हुदै आइरहेको छ। पाक्षिक रुपमा संचालित रेडियो कार्यक्रम मार्फत सुशासन, सामाजिक न्याय, मानवअधिकार, जवाफदेहिता, समावेशीकरण, पारदर्शिता, नागरिकका कर्तब्य जस्ता सवाललाई कार्यक्रमले समेटदै आइरहेको छ।

परियोजनाले स्थानीय सञ्चारकर्मीहरुलाई सामाजिक जवाफदेहिताका औजारहरु, सुशासनका सवाल, भ्रष्टाचार नियन्त्रण, पारदर्शिता, स्थानीय निकाय केन्द्रित समाचारहरुको रुचिपूर्ण खोजमा सहयोग पुर्‍याउने उदेश्यले स्थानीय पत्रकारहरुको क्षमता अभिबृद्धि तालिम संचालन गदै आएको छ। परियोजनाले स्थानीय स्तरका ८४ जना स्थानीय पत्रकारहरुलाई विभिन्न विषयमा तालिम दिइसकेको छ। तालिम पश्चात स्थानीय स्तरका सुशासन, जवाफदेहिता र पारदर्शिता सार्वजनिक सेवा प्रवाहसंग सम्वन्धित सवालहरुको खोजमा स्थानीय सञ्चारकर्मीहरुले सहयोग गरिरहेका छन्।

परियोजनाले विशेष गरी विपन्न वर्गको क्षमता विकास, नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चका सदस्यहरुको अभिमुखीकरण, स्थानीय नागरिक समाजका संस्थालाई परिचालन गरेर सामाजिक जवाफदेहिता संयन्त्रको प्रयोग र सञ्चार माध्यमको परिचालन मार्फत सुशासन सवालहरुलाई मुलप्रवाहीकरण गर्ने जस्ता कार्यक्रमहरु गरेर जवाफदेहिता र पारदर्शिता बृद्धिमा सहयोग गरिरहेको छ। चालू आर्थिक वर्षमा परियोजनाले ४३२ गाविस, ९ जिविस र ५२ नगरपालिकामा वार्षिक कार्य योजना निर्माण कार्यक्रम सञ्चालन गरिरहेको छ।

*(स्रोतः स्थानीय सरकारको जवाफदेहिता अभिबृद्धि परियोजना (SALGP), समन्वय इकाई, बखुण्डोल, ललितपुर)*

*'सेवा प्रदायक र सेवाग्राही दुबैको कर्तव्य पालनाबाट मात्र सेवा प्रवाहमा सरलता आउने हुँदा नागरिक कर्तव्यमा समेत ध्यान दिऔं।'*

# स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमनमा समन्वयात्मक सहकार्यका लागि नागरिक समाजका संस्था र जिल्ला एवं शहरी शासन विज्ञको भूमिका

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको प्रमुख लक्ष्य स्थानीय निकायमा असल शासन र सामुदायिक विकासका माध्यमबाट गरिबी घटाउनु रहेको छ । यस कार्यक्रमको उद्देश्य प्रभावकारी सेवाका लागि स्थानीय निकायको हालको अवस्थामा सुधार गरी सुशासन निर्माण गर्नुका साथै नागरिक तथा समुदायको सशक्तीकरणमा टेवा पुर्‍याउनु हो । स्थानीय निकाय र सामुदायिक विकासका लागि LGCDP एउटा साझा चौतारी- का रुपमा संरचित गरिएको छ। समता, अनुदान समरुपता, एकता, सहभागिता र संलग्नता, आपसी जवाफदेहिता तथा तल्ला निकायप्रति जवाफदेहिता र पारदर्शिता, आदि LGCDP दोस्रो चरण कार्यक्रमका प्रमुख सैद्धान्तिक अवधारणाहरु हुन । स्थानीय सुशासन तथा सामुदायिक विकास मार्फत गरिबी न्यूनीकरणमा योगदान पुर्‍याउने लक्ष्यका साथ प्रभावकारी सेवा र नागरिक सशक्तीकरणका लागि स्थानीय सरकारको सुधार गर्ने उद्देश्य एलजिसिडिपिको रहेको छ ।

स्थानीय शासन उत्तरदायी संयन्त्र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमकै एक अङ्गको रुपमा रहेको छ । एलजिसिडिपिको Output - २ पूरा गर्नेतर्फ यसका क्रियाकलापहरु संचालित छन् । स्थानीय निकाय एवं सार्वजनिक सेवा प्रदायक निकायहरुमा नागरिक तथा नागरिक समाजको सकारात्मक, सृजनात्मक र आलोचनात्मक सहभागिता वृद्धि गर्न एलजिएएफले सहयोग गर्छ । एलजिएएफको लक्ष्य स्थानीय निकायबाट प्रदान गरिने सेवा, स्थानीय शासन प्रक्रिया एवम् विकास निर्माण कार्यलाई पारदर्शी, समावेशी, गुणस्तरीय, प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन गैर सरकारी संस्था तथा नागरिक समुदाय मार्फत नागरिक, समुदाय र पिछडिएका वर्गको क्षमता अभिवृद्धि गरी स्थानीय शासनलाई जनताप्रति जिम्मेवार र उत्तरदायी बनाउने रहेको छ ।

यसरी समग्र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको उपलब्धि हासिल गर्नका लागि उपलब्धि २ को रुपमा रहेको स्थानीय शासन उत्तरदायी संयन्त्रबाट सञ्चालित स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने भूमिका सम्पूर्ण संरचनाको नै रहन्छ । जिल्ला तथा नगर तहमा संस्थाहरुको क्रियाकलापमा समन्वय एवं अनुगमनका लागि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत छनौट भएका जिल्ला शासनविज्ञ र शहरी शासनविज्ञहरुले सम्वन्धित क्षेत्रका नागरिक समाजका संस्थाहरुले संचालन गरेका क्रियाकलापहरुको गुणस्तर मापन एवं उनीहरुले संचालन गरेको क्रियाकलापबाट स्थानीय निकायमा परेको प्रभाव समेतको विश्लेषण गरी क्षेत्रीय समन्वय इकाईलाई सूचना सम्प्रेषण गरी सहयोग पुर्‍याउनु पर्ने छ । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत सामाजिक परिचालनको लागि छनौट भएका स्थानीय सेवा प्रदायक संस्थाहरु (LSPs) र स्थानीय निकायको कानूनी र नीतिगत व्यवस्था पालना अनुगमनका लागि छनौट भएका नागरिक समाजका संस्थाहरु (CSOs) का बीचमा समन्वयात्मक क्रियाकलाप सञ्चालन गरी LSPs हरु संगै CSOs को क्रियाकलाप संचालनमा अग्रणी भूमिका निर्वाह गर्ने कार्य जिल्ला शासनविज्ञ तथा शहरी शासनविज्ञहरुको हुने छ । यसरी समग्र कार्यक्रमको उपलब्धि हासिल गर्नका लागि जिल्ला एवं शहरी शासनविज्ञ र नागरिक समाजका संस्थाका तर्फबाट खेल्नुपर्ने भूमिका निम्नानुसार रहेको छ ।

## नागरिक समाजका संस्थाहरु (CSOs) को भूमिका :

- LGAF संगको सम्झौता अनुसार आफूले सञ्चालन गर्ने हरेक क्रियाकलापहरुको बारेमा जानकारी गराउने
- सम्झौता अनुसारका क्रियाकलाप संचालनमा जिल्ला एवं शहरी शासनविज्ञसंग बसी कार्ययोजना बनाउने ।
- कार्ययोजना अनुसार क्रियाकलाप संचालनमा निरन्तर समन्वय र सहकार्य गर्ने ।
- फिल्ड भ्रमण तथा आवश्यकीय क्रियाकालापका अतिरिक्त समयमा जिल्लामा भए जिल्ला शासनविज्ञ र नगर/महा/उप महा नगरपालिका भए शहरी शासनविज्ञसंगै रही स्थानीय निकायमा आवश्यक अन्य क्रियाकलापहरु संचालन गर्ने ।
- फिल्डमा संचालित हरेक गतिविधिहरु, त्यसबाट परेको प्रभाव आदिका बारेमा छलफल गरी आगामी दिनका लागि आवश्यक कार्ययोजना निर्माण गर्ने ।
- क्षेत्रीय समन्वय इकाईबाट प्रदान गरिएका हर कुनै निर्देशन तथा जानकारीहरु जानकारी गराउने र जिल्ला तथा शहरी शासनविज्ञको समन्वय तथा सहकार्यमा क्रियाकलापहरु संचालन गर्ने ।
- क्षेत्रीय समन्वय इकाई तथा सचिवालयमा प्रेषित गर्ने सवै प्रकारका इमेल तथा अन्य विषयवस्तुहरु जिल्ला तथा शहरी शासन विज्ञहरुसंगको समन्वयमा मात्र प्रेषित गर्ने ।
- हरेक महिना संचालन गर्ने क्रियाकलापहरुको कार्ययोजना निर्माण गरी जिल्ला तथा शहरी शासनविज्ञको स्वीकृतिमा कार्यान्वयन गर्ने ।

## जिल्ला एवं शहरी शासन विज्ञ (DGE and UGE) को भूमिका:

- नागरिक समाजका संस्थाका कर्मचारीहरु कार्ययोजना अनुसारका गतिविधिमा भए नभएको जानकारी लिने ।
- एलजिएएफको उद्देश्य हासिल गर्नका लागि संस्थाका क्रियाकलापहरु संचालन भए नभएको जानकारी लिने, सुझाव सल्लाह एवं पृष्ठपोषण प्रदान गर्ने ।
- आवश्यकता अनुसार नागरिक समाजका संस्थाहरुका कर्मचारीहरुलाई उनीहरुको कार्यक्षेत्र बाहेकका स्थानीय निकायमा कार्य गराउने ।
- नागरिक समाजका संस्थाहरुले संचालन गरेका गतिविधिहरुलाई सम्वन्धित स्थानीय निकायमा जानकारी गराउने तथा उनीहरुबाट

आएका विषयवस्तुहरुमा छलफलबाट सुधारका लागि पहल गर्ने ।

- स्थानीय सेवा प्रदायक र नागरिक समाजका संस्थाहरुबीचमा समन्वय र सहकार्यका लागि निरन्तर प्रयास गर्ने ।
- नागरिक समाजका संस्थाहरुलाई रेडियो कार्यक्रम संचालनका विषयवस्तु तयारीमा स्थानीय निकायमा देखिएको आवश्यकताका विषयवस्तुहरुका आधारमा विषयवस्तु तयारी तथा नाटक, धारावाहिक नाटक, अन्तरवार्ता, गीत, गजल के उपयुक्त हुन्छ सोको बारेमा सहयोग गर्ने गराउने ।
- स्थानीय निकाय कानुनी र नीतिगत व्यवस्थाका सन्दर्भमा प्रावधान भएका व्यवस्थाहरुको बारेमा नागरिक समाजका संस्थाहरुलाई आवश्यक सहयोग गर्ने । परिपालना अनुगमनबाट आएका विषयवस्तुमा छलफलबाट सुधारका प्रतिवद्धताका लागि स्थानीय निकायसंग समन्वयमा सिएसओलाई सहयोग गर्ने ।
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको उद्देश्य परि पूर्तिमा आवश्यक क्रियाकलापहरु संचालन गर्नका लागि नागरिक समाजका संस्थाहरुलाई परिचालन गर्ने
- स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमन कार्यमा संलग्न कर्मचारीहरुको दिनप्रतिदिनको क्रियाकलापहरुको जानकारी लिने तथा आवश्यक निर्देशन गर्ने ।
- आवश्यक भएमा नागरिक समाजका संस्थाहरुको आन्तरिक सुशासनको स्थितिका वारेमा आवश्यक जानकारी लिने र सम्वन्धित क्षेत्रीय समन्वय इकाईमा प्राप्त विषयमा जानकारी गराउने ।
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको उद्देश्य परि पूर्तिमा गठित वडा नागरिक मन्च तथा नागरिक सचेतना केन्द्रको क्षमता अभिबृद्धि तथा अन्य क्रियाकलापमा आवश्यकता अनुसार नागरिक समाजका संस्थाहरुलाई परिचालन गर्ने ।
- आवश्यकता अनुसार नागरिक समाजका संस्थाहरुबाट संचालित क्रियाकलापहरुको उपलव्धि, सुझाव सल्लाह सहितको जानकारी (प्रतिवेदन) सम्वन्धित क्षेत्रीय समन्वय इकाई (RCU) तथा एलजिएएफको सचिवालयमा लिखित एवं मौखिक जानकारी गराउने ।
- नागरिक समाजका संस्थाहरुले संचालन गरेका क्रियाकलापहरुका आधारमा सचिवालयमा पेश गर्नका लागि तयार गरेको प्रतिवेदन, क्षेत्रीय समन्वय इकाईमा पेश गर्नका लागि सिफारिश गर्ने ।

## अवसर र चुनौती

- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सुशासन प्रवर्द्धन शाखाको कार्यविवरणमा स्थानीय शासन उत्तरदायी संयन्त्रलाई आन्तरिकीकरण गरिएकोले दीर्घकालीन सोचमा आधारित क्रियाकलापहरु रहने ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवको अध्यक्षतामा राष्ट्रिय योजना आयोग र राष्ट्रिय सतर्कता केन्द्रका प्रतिनिधि, स्थानीय निकायका संघ, महासंघ सम्मिलित राष्ट्रिय समितिको व्यवस्था, मन्त्रालयको अनुगमन मूल्याङ्कन महाशाखाका प्रमुख सहसचिवको अध्यक्षतामा कार्यान्वयन समितिको व्यवस्था हुनुवाट कार्यक्रम सञ्चालनका क्रममा देखिने कठिनाईहरुको तत्काल सम्वोधन गर्न सकिने ।
- स्थानीय शासन उत्तरदायी संयन्त्रको दैनिक कार्य सन्चालनका लागि नेपाल सरकारबाट कर्मचारी व्यवस्थापन गर्ने प्रावधान सहित सचिवालयको व्यवस्था भएकोले संयन्त्रलाई नेपाल सरकारले आफ्नो अंगको रुपमा लिई सञ्चालन गर्ने दीर्घकालीन सोच रहेको ।
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको महत्वपूर्ण रणनीति अन्तर्गत तल्लो तहप्रतिको जवाफदेहिता लाई महत्व दिइएको र यसको अनुगमन व्यवस्थापनका लागि छुट्टै प्रतिफलको व्यवस्था गरिएको ।
- स्थानीय निकायहरुमा नीतिगत तथा कानूनी व्यवस्था पालना अनुगमनका लागि सचिवालय मार्फत ६६ जिल्लामा नागरिक समाजका संस्थाहरु र एसएएलजिपिबाट बाँकि ९ जिल्ला गरी ७५ जिल्लामा नै तेश्रो पक्ष अनुगमनको व्यवस्था भएको ।
- नागरिक समाजका संस्थाहरुको क्षमता अभिबृद्धिका गतिविधिहरु जस्तै : कार्यजिम्मेवारी सम्बद्ध विषयहरुमा अनुशिक्षण, साथी समीक्षा, पुनर्ताजगी तालिम आदि सम्पन्न गरिएको स्थानीय निकाय संघ महासंघबाट नागरिक समाजका संस्थाहरुबाट पालना अनुगमनका लागि गरिएका कार्यहरुको गुणस्तर सुनिश्चितता गर्ने गरिएको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट पालना अनुगमन कार्यको अनुगमन हुने गरेको ।

### चुनौतिहरु

- स्थानीय निकायहरुमा नीतिगत र कानूनी व्यवस्था परिपालनाको निरन्तर अनुगमन र पाइएका रिक्तताहरुको सम्बोधन
- स्थानीय निकायहरुको क्षमता अभिबृद्धि र पारदर्शिता र जवाफदेहिताको अवस्थामा पूर्णरुपमा सुधार नागरिक समाजका संस्थाहरुको व्यावसायिक सक्षमता अभिबृद्धि र पालना अनुगमनका लागि उत्प्रेरणामा बृद्धि
- स्थानीय शासन उत्तरदायी संयन्त्रको संस्थागत क्षमता अभिबृद्धि
- वडा नागरिक मन्च र नागरिक सचेतना केन्द्रका सदस्यहरुको अनुगमन र निगरानी क्षमता बढाउनु
- स्थानीय निकायमा रहेका अनुगमन सुपरिवेक्षण समितिहरुको आयोजना अनुगमन र निरीक्षण, पृष्ठपोषण क्षमता अभिबृद्धि
- स्थानीय तहमा सेवा प्रवाहमा गुणस्तरीयता, नियमितता, र प्रभावकारिता सहित पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन

## सिकाई

- स्थानीय निकायहरु र नागरिक समाजका संस्थाहरुको संयुक्त प्रयास गर्दा स्थानीय निकायहरुका सेवा प्रवाहमा पारदर्शिता अभिबृद्धि हुने ।
- नागरिक समाजका संस्थाहरुले जवाफदेहिताको अभ्यासमा अपनाएका रणनीति “**राम्रा कुरा फैलाउने र कमजोरी औंल्याउने**” गरी स्थानीय निकायमा सूचकहरुको आधारमा अनुगमनबाट प्राप्त विषयलाई सुधारका लागि स्थानीय निकाय र सरोकारवालाहरु बीचमा नै छलफलबाट सुधारका योजना तथा प्रतिबद्धता निर्माण गरी कार्यान्वयन गर्ने कार्य प्रभावकारी भएको ।

*‘स्थानीय निकायले प्रत्येक चौमासिकमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा सहभागी बनी आवश्यक पृष्ठपोषण प्रदान गरौं ।’*

अनुसूची–१

# नागरिक समाजका संस्था, संक्षिप्त विवरण

| जिल्ला | संस्थाको नाम | फोन | सम्पर्क व्यक्ति | फोन | कार्यक्रम संयोजक | फोन |
|---|---|---|---|---|---|---|
| **क्षेत्रीय समन्वय इकाई, विराटनगर (RCU BIRATNAGAR)** Phone: 021-472091/472670, Fax- 021-470516, Email: clusterunitbtr@lgcdp.gov.np<br>**LGAF सम्पर्क व्यक्ति : प्रणय शर्मा, फोन : ९८४१२८०१०४** | | | | | | |
| इलाम | सुनगाभा विकास संस्था | 027520447/521538 | Krishna Shrestha, | 9842662129 | Chabi Shrestha | 9851199700 |
| पाँचथुर | वैकल्पिक ऊर्जा विकास केन्द्र नेपाल | 024520439/ 520621 | Hari Prakash Subedi, Chairperson | 9844621105/ 9801520205 | Nanda Kumar Newang | 9842645033 |
| सिराहा | ग्राम सेवी समूह नेपाल | | Bharat Jargha Magar | 9842824967 | Birendra Kumar Chaudhary | 9842824759 |
| उदयपुर | मानव अधिकार र वातावरण विकास केन्द्र | 035-420406 | Madhab Pd Parajuli | 9842829074 | Bhushan Kumar Rai | 9852835218 |
| धनकुटा | जनहित असल शासन क्लव | 026-520740 | Ramji Dahal, Hukum Prasad Dahal, Chairperson | 9813813269/ 9852050103, 9852050103 | Hukum Prasad Dahal | 9852050072 |
| ताप्लुजेङ | ग्रामीण विकासको लागि जनचेतना एवं वातावरण संरक्षण मञ्च | | Nabin Kumar Sherpa, Chairperson | 9842660717 | Raju Bikram Rai | 9813950743/ 9851139870 |
| सुनसरी | अभियान नेपाल | 025-475798 | Dipendra Raj Karki | 9842097293 | Mohan Timsina | 9852054691 |
| झापा | झापा युनेस्को संघ नेपाल | | Hari Prasad Gautam, Chairperson | 9842637816 | Vijaya Timsina | 9842637223 |
| मोरङ | ग्रामीण शिक्षा सचेतना तथा विकास समाज | | Sankar Pd Subedi, Somnath Timsina- ED | 9842028542/ 9807359415, | Som Nath Timilsina | 9842027582 |
| तेह्रथुम | जिल्ला लघु उद्यम संघ | 026460274 | Tulsi Prasad Adhikari | 9844634151 | Laxminarayan Misra | 9852060343 |
| संखुवासभा | सामुदायिक विकास मञ्च | | Lila Bd Thapamagar | 9862064650 | Ramita Nakarmi | 9841642020 |
| भोजपुर | हिहल्ड नेपाल | | Mabin Kumar Rai, Sharan Kumar Rai, Chairperson | 9852052711/ 9807016892 | Bimal Thapa | 9849888506 |
| सप्तरी | लोक कल्याण नेपाल | 031522164 | Saroj Kumar Chaudhary, Renu Kumari Chaudhary, Chairperson | 9816708612/ 9842825209, 9842825209 | Manoj Kumar Gautam | 9842067941 |
| **क्षेत्रीय समन्वय इकाई, धुलिखेल (RCU DHULIKHEL)** Phone: 011-490988/490989, Fax: 011-490312, Email: rcudhulikhel@gmail.com<br>**LGAF सम्पर्क व्यक्ति, बन्दना अर्याल : ९८४९४०३३४४** | | | | | | |
| दोलखा | मानव अधिकार सचेतना तथा विकास केन्द्र नेपाल | 049421240 | Jibash Raj Khadka, Hom Pathak, Chairperson | 9854045777 | Sundar B. K. | 9744007498 |
| नुवाकोट | ग्रामीण विकास तथा सशक्तिकरण केन्द्र | 010681062 | Pardip Sharma, Bimala Pathak, Chairperson | 9860238489/ 9751029856 | Amit Gajurel | 9860045176 |
| धादिङ | सहयात्री समाज नेपाल | 010520544 | Chandrakala Simkhada/ | 9849790068 | Gyanu Kandel | 9751085187 |
| मकवानपुर | महिला बालबालिका तथा वातावरण सुधार केन्द्र | 057691405 | Uddhab Baniya- Chairperson | 9855070408 | Khadg Bahadur Joshi | 9845182190 |
| ललितपुर | बालबालिका तथा महिला बचाऊ अभियान | 015572711 | Purushotatam Ghimire | 9851191373 | Bharat Pds Badal | 9841783418/ 9811882560 |
| काभ्रे | ग्रामीण विकास संस्था | 011-664335 | Khadananda Gautam | 9849194956 | Naresh K. Shrestha | 9841397885 |
| भक्तपुर | ग्रामीण पूर्वाधार तथा वातावरण विकास केन्द्र | 01-4672291 | Samita Bhatta | 9841185698/ 01-6634901 | Lila Timilsina | 9849074585 |
| काठमाडौं | भरोसा नेपाल | 014229284 | Shiva Adhikari, Chairperson | 9851076615 | Mandu Babu Adhikari | 9841600525 |
| चितवन | महिला संघ विकास केन्द्र | 056582952 | Sumitra Dallakoti, Chairperson | 9855066637 | Chandra Kala Chapagain | 9845693863 |
| रसुवा | सामाजिक कल्याण तथा वातावरण संरक्षण सोसाईटी | 016216820 | Gayatri Lamichhane -Treasures | 9841370629 | Shiva Ram Pyakurel | 9741086666 |
| सिन्धुपाल्चोक | सिन्धु विकास केन्द्र | | Bhagabati Shrestha | 9841606052 | Bijaya Krishna Shrestha | 9851160381 |
| **क्षेत्रीय समन्वय इकाई, हेटौडा** (RCU HETAUDA) Phone: 057-525295/526853, Fax: 057-524253, Email: rcuhetauda@gmail.com<br>LGAF **सम्पर्क व्यक्ति, नजवुल्लाह अन्सारी : ९८४५०३३०८७** | | | | | | |
| महोत्तरी | महिला जागरण समाज | 044-690035 | Arun Kumar Paswan | 9844125598 | Santosh Bhattarai | 9842092254 |
| बारा | संरक्षण नेपाल बारा | 053-550605 | Brijmohan Kusaha/ Ramprasad Sah | 9845128255/ 9845038185 | Ranjan Ray | 9845038083 |
| धनुषा | समाज विकास मञ्च | 041-524936 | Suresh Prasad Yadav/ Anita Kumari Sah- Chairperson | 9844056892/ 9804835530 | Ram Chandra Sah | 9854026814 |
| सर्लाही | बाल संरक्षण संस्था | 046501240 / 046501342 | Anju Dhakal, Vice Secretary | 9844048841 | Sanjib Sharma | 9847638367 |
| रौतहट | एकीकृत दीगो विकास नेपाल | 055-690711 | Munindra Kumar Thakur - Chairperson | 9855044255 | Rishi Raj Jha | 9845435271 |
| पर्सा | सामाजिक संस्था जिल्ला समन्वय समिति | 051-527334 | Ramkant Prasad Kurmi | 9845036498 | Anurodh Shah | 9855022677 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्रीय समन्वय इकाई, पोखरा (RCU POKHARA)** Phone: 061-537640/537979, Fax: 525555, Email: clusterunitpkr@lgcdp.gov.np<br>**LGAF सम्पर्क व्यक्ति, नरेश बुढाथोकी : ९८५११५८८७०** | | | | | | |
| अर्घाखाँची | लुम्बिनी समाजिक विकास केन्द्र | 077420657 | Indramani Paudel | 9857061441 | Suraj Bahadur Sharu | 9857063548 |
| बाग्लुङ | दिपज्योति युवा क्लब | 068520832 | Tej Prasad Sharma | 9857624571 | Deepak Kandel | 9857622843 |
| गोरखा | द चाइल्ड फस्ट | 064420196 | Buddhi Man Shrestha | 9851055690 | Kishor Dhital | 9841712409 |
| गुल्मी | एकीकृत ग्रामीण विकास समाज | 079520824 | Krishna Bdr B.K. | 9857061684 | Hira Aryal Chhetri | 9857061774 |
| कपिलवस्तु | कपिलवस्तु संस्थागत विकास समिति | 076561019 | Madhav Parajuli | 9847032908 | Sandip Lamsal | 9847277744 |
| कास्की | नौलो घुम्ती नेपाल | 061402070 | Manju Gyawali | 9806755444 | Devi Maya Thapa | 9846082303 |
| लमजुङ | जनजागरण तथा सामाजिक सेवा केन्द्र नेपाल | 066520717 | Prem Prasad Pokhrel | 9846301989 | Nabin Adhikari | 9849108730 |
| मनाङ | चामे युवा समूह नेपाल | 066440116 | Purna Bahadur Gurung | 9846527982 | Bhim Raj Pandey | 9847293182 |
| मुस्ताङ | मुस्ताङ कल्याणकारी संघ | 06944002 | Raju Thakali | 9810075253 | Govind Pahadi | 9857630185 |
| म्याग्दी | संगम म्याग्दी | 069520959 | Deepak Paudel | 9857621467 | Santosh Dhungana | 9857621598 |
| नवलपरासी | वातावरणीय प्रदुषण चेतना र न्यूनीकरणका लागि राष्ट्रिय संगठन | 078520484 | Gajanand Das Patel | 9857023531 | Abdul Aziz Ali Momin | 9807463858 |
| पाल्पा | सामाजिक श्रोत विकास केन्द्र नेपाल | 075521626 | Mina G.C. | 9847098340 | Choplal Giri | 9857062782 |
| पवर्त | नव चेतना सामुदायिक विकास केन्द्र | 067420805 | Shanti Dhakal | 9847626883 | Yagya Prasad Sharma | 9846142823 |
| स्याङजा | आपसी सहयोग केन्द्र | 063420692 | Hari Prasad Dhakal | 9856050507 | Deu Kumari Gurung | 9846069934 |
| तनहुँ | दीगो विकासका लागि बहुउद्देश्यीय प्रतिष्ठान | 065562270 | Kumud Pandit | 9846390881 | Durga Bahadur Thapa | 9856060688 |
| रुपन्देही | इन्द्रेणी ग्रामीण विकास केन्द्र नेपाल | 071541882 | Pardeep Shah | 9857021233 | Laxmi Nath Gywali | 9847023112 |
| **क्षेत्रीय समन्वय इकाई, नेपालगञ्ज (RCU NEPALGUNJ)** Phone: 081-527060/527061, Fax: 527059, Email: clusterunitnpj@lgcdp.gov.np<br>**LGAF सम्पर्क व्यक्ति, मदन आचार्य : ९८५८०२३२१४** | | | | | | |
| रुकुम | सिस्ने युवा क्लब | 088680117 | Mahendra KC- Chairperson | 9847852025 | Bishesh Gautam | 9748511427 |
| हुम्ला | ग्रामीण विकास कार्यक्रम | 087680076 | Shiva Raj Sharma - Chairperson | 9841457014 | Ain Bahadur Rokay | 9848332268 |
| सल्यान | महिला सरोकार मञ्च | 088520328 | Ms. Bhagawati Regmi- Chairperson | 9847852888 | Bimal Gautam | 9847844710 |
| बर्दिया | न्यू नेपाल | | Kamal Prasad Regmi- Chairperson | 9851017633 | Shanta Paudel | 9848222041 |
| डोल्पा | वातावरण संस्कृति र विकास यात्रा | | Hari Prasad Dangi, Chairperson | 9758900078/ | Basant Rokaya | 9801002592 |
| मुगु | कर्णाली सामुदायिक विकास केन्द्र | 087690366/ 081527095 | Hari Jung Shahi- Chairperson | 9748903862/ 9858025993 | Hari Bahadur Sahi | 9748903862 |
| प्युठान | मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र | 086420019 | Bijaya Kumar Shrestha- Chairperson | 9857831650 | Krishna Maya Rijal | 9841554744 |
| रोल्पा | मानव अधिकार सचेतना विकास केन्द्र | 086440146 | Bhola Nath Acharya- President / Raju Aacharya | 9857820062 | Binod Rijal | 9847868265 |
| दाङ | जनउत्थान समाज विकास केन्द्र | 082560693 | Bali Bhadra Rana- Chairperson | 9847862157, 9851123177 | Mohan Bikram Oli | 9847818318 |
| जुम्ला | ग्रामीण विकास समूह कार्यक्रम | 087520128 | Shanti Lal Mahat- Chairperson | 9858320598 | Krishna Bahadur Budha | 9840094630 |
| बाँके | उत्पीडित सामुदायिक विकास केन्द्र | 081540738 | Dil Bahadur Pariyar- Chairperson | 9748012079/ | Khumesh Subedi | 9858025546 |
| **क्षेत्रीय समन्वय इकाई, धनगढी (RCU DHANGADHI)** Phone: 091-523240/525301, Fax: 091-523039, Email: clusterunitdhi@lgcdp.gov.np<br>**LGAF सम्पर्क व्यक्ति, खेमराज भट्ट : ९८६०३५९४६९, ९८०५४७०५३७** | | | | | | |
| बाजुरा | महिला विकास मञ्च | 097-541207 | Juna Dani- Chairperson | 9849420604 | Prasad Regmi | 9848480918 |
| कैलाली | सामुदायिक विकास तथा वातावरण संरक्षण समाज | 091-525855 | BHagwat Das Chaudhary | 9741098144 | Uamesh Bhattrai | 9749006259 |
| बझाङ | सामाजिक तथा प्राविधिक विकास सेवा समूह | 092-421362 | Ramesh Rokaya | 9848436813 | Birendra Khadka | 9843087346 |
| डोटी | सेन्टर फर इक्वेल एक्सेस डिभलपमेन्ट नेपाल | 094-411011, 094-690452, 096-690355 | Rukmini Shahi | 9848409644 | Lal Bahadur Mahara | 9858423347 |
| दार्चुला | मिडिया विकास समाज नेपाल | 093-420465, 093-420098 | Laxman Singh Dhami | 9749522158 | Shankar Singh Dhami | 9759500740 |
| डडेलधुरा | ग्रामीण वातावरण विकास केन्द्र | 096-410226 | Ganesh Kuthayat | 9848731273 | Menaka Kumari Shahi | 9749554838 |
| बैनडी | सामाजिक चेतना तथा विकास संघ | 095-520395 | Narayan Pant | 9868774648 | Harka Bahadur Air | 9858752122 |
| कन्चनपुर | सपोर्ट फाउण्डेशन | 099-525312, 01-5525156 | Dipendra Bhandari, Member Dr. Kabir Singh Khattri | 9848721116 9841404972 | Bhakta Raj Joshi | 9851029123 |

अनुसूची २

# आ.व.२०७२/०७३ मा कार्यक्रम सञ्चालन कार्यक्षेत्र (जिविस, गाविस, नगरपालिका

| जिल्ला | कार्यक्रम सञ्चालन भएको कार्यक्षेत्र |
|---|---|
| झापा | **गाउँ विकास समिति** : बाहुण्डाँगी, हल्दिवारी, गरामनि, वनियानी, वालुवाडी, बुधवारे, खुदुनावारी, टागनडुव्वा, शरणामति, कुमरखोद, गौरादह, महारानीझोडा, लखनपुर, धरमपुर |
| ईलाम | **गाउँ विकास समिति** : दानाबारी, चिसापानी, लक्ष्मीपुर, शान्तीपुर, कोल्बुङ्ग, गोर्खे, इरौंटार, श्रीअन्तु, जितपुर, सिद्धिथुम्का, सोयाक, साङ्गरुम्वा, महमाई, चुलाचुली, एकतप्पा, चमैता, नामसालिङ्ग, सोयाङ्ग, सुम्बेक, सुलुबुङ्ग, माईपोखरी र नयाँवजार |
| पाँचथर | **गाउँ विकास समिति** : नागी, ओयाम, अमरपुर, सुभाङ, ममेङ, एकातन, याङनाम, रानीटार, लुङरुपा, रानीगाउँ, स्याबरुम्वा, नर्वामडाडा, इम्बुङ, चिलिङदीन, पौवासार्ताप, फाक्तेप, सराङडाँडा, रवि, कुरुम्बा, आरुबोटे, आङ्गना र वलने |
| ताप्लेजुङ्ग | **गाउँ विकास समिति** : निघुरादिन, फुलवारी, हाङपाङ, चाँगे, ढुङ्गेसाँघु, साँघु, सान्थाक्रा, थिङलाबु, खाम्लुङ, लिङखिम, फुरुम्बु, हाङदेवा, फावाखोला, तिरिङ्गे, सिकैचा, चाक्सिबोट, थेचम्बु, नाङखोल्याङ, आम्वेगुदिन, तेल्लोक, डुम्रिसे र पेदाङ |
| संखुवासभा | **गाउँ विकास समिति** : हटिया, चेपुवा, किमाथांका, पावाखोला, पाथीभरा, मकालु, याफु, ताम्कु, वाला, सिसुवाखोला, मांतेवा, दिदिङ्ग, सित्तलपाटी, जलजला, नुनढाकी, तामाफोक, माम्लिङ्ग, आँखीभूई, सभापोखरी र बाह्रविसे |
| भोजपुर | **गाउँ विकास समिति** : कुलुङ्ग, चौकिडाडा, खाटाम्मा, नेपालेडाडा, कुदाकाउले, सिद्धेश्वर, गुप्तेश्वर, याक, सानोदुम्मा, प्याउली, ठूलो दुम्मा, याङ्गपाङ्ग, पात्लेपानी, हसनपुर, सिन्द्राङ्ग, खैराङ्ग, होम्ताङ्ग, वालंखा, यूँ थिदिंखा, दुम्माना र पाङ्गचा |
| धनकुटा | **गाउँ विकास समिति** : चानुवा, डाडाँगाउ, मारेककटहरे, लेगुवा, परेवादिन, हात्तिखर्क, तोखुवा, तेलिया, चुङ्गमाङ्ग, छिन्ताङ्ग, खोकु, आँखिसल्ला, कुरुलेतेनुपा, मढेवास, बसन्तटार, मौनाबुधुक, बोधे, राजारानी, बुढिमोरङ्ग, आहाले र माहाभारत |
| तेह्रथुम | **गाउँ विकास समिति** : ह्वाकु, इवा, चुहानडाडा, सक्रान्तीवजार, सम्दू, सिम्ले, ओयाक्जुङ, श्रीजुङ, मोराहाङ्ग, सोल्मा, सुङनाम, फूलेक, दाँगपा, ओखे, पन्चकन्या, फाक्चामारा र आङदिम |
| मोरङ | **गाउँ विकास समिति** : लखन्तरी, झोराहट, भौडाहा, बयरवन, केरौन, पाटीगाउँ, पोखरिया, सिंहदेवी, बवियाविर्ता, दादरबैरिया, मझारे, सोराभाग |
| सुनसरी | **उपमहानगरपालिका** धरान र **नगरपालिका** रामधुनी भासि<br>**गाउँ विकास समिति** : बराहक्षेत्र, प्रकाशपुर, महेन्द्रनगर, मधुवन, लौकही, पंकुशाहा, श्रीपुरजव्दी, नरसिंह, भोक्राहा, डुम्राहा, अमाहीवेला, औरावनी, तनमुना, रामगंज बेल्गाछिया, कप्तानगंज, देवानगंज, बविया र चिमडी |
| सप्तरी | **गाउँ विकास समिति** : बकधुवा, जनडोल, प्रशवनी, सितापुर, तेरहौता, बसबिट्टी, भारदह, जोगिनियाँ- १, हरिहरपुर, अर्नाहा, पत्थरगाडा, हर्दिया, पिप्रापश्चिम, दौलतपुर, हरिपुर, रायपुर, मल्हनमा, मधुपट्टी, इनर्वा फुलबडीया र मैना लहश्रबाहू |
| सिराहा | **नगरपालिका** : गोलवजार<br>**गाउँ विकास समिति** : मलहन्मा गोविन्दपुर, कर्जन्हा, गौतडी, कल्याणपुर कालावंजार, इनरवा, भगवानपुर, मझौरा, नवराजपुर, नहरा रिगौल, भगवतीपुर तमसुइया, तेनुवापत्ती, विष्णुपुर प्रा रा, दुमारी, छिकना, भोकरहा, सिकरउन, छतरी, मझौलिया, भेडिया र अरनमा प्रा रा |
| उदयपुर | **गाउँ विकास समिति** : रामपुर ठोक्सीला, चौदण्डी, मैनामैनी, हडिया, कटुञ्जेबवला, तपेश्वरी, शुन्दरपुर, पंचावती, आँपटार, पोखरी, भलायडाडा, भुट्टार, बर्रे, लाफागाउँ, ओख्ले, लेखगाउँ, रिस्कु, सिरिसे, हर्देती, लिम्थाटार, तावाश्री र ईनामे |
| दोलखा | **गाउँ विकास समिति** : खारे, चंखु, श्यामा, जुंगु, काबे, गैरीमुदी, झुले, हाँवा, च्यामा, शैलुंगेश्वर, घ्याङसुकाठोकर, ताम्चेत दुध पोखरी, मालु, शहरे, मागापौवा, काटाकुटी, लामीडाडा, सुस्पाक्षमावती, आलम्पु, ओराङ, लादुक र बावरे |
| सिन्धुपाल्चोक | **गाउँ विकास समिति** : यमुनाडाँडा, फूल्पिङडाडा, माँखा, लिस्टी, पाङतान, हगाम, नवलपुर, कदमवास, सेलाङ, ठूलोसिरुवावारी, स्याउले, तौथली, थाम्पालधाप, भोताङ, दुवाचौर, किउल, हैवुङ, भोटेनाम्लाङ्ग, महाँकाल, थकनी, कर्थली र ईचोक |
| काभ्रेपलाञ्चोक | **गाउँ विकास समिति** : भिमपोखरी, वालटीङ्ग, वनखुचौर, घर्तीछाप, चलाल गणेशस्थान, कुशादेवी, शंखुपाटीचौर, उग्रतारा जनागाल, महाँकालचौर भुग्देउ, बालुवापाटी देउपुर, गैह्रिबिसौना देउपुर, पोखरी नारायणस्थान, कानपुर कालापानी, मेच्छे, भुम्लुटार, सल्लेभुम्लु, खरेलथोक र नाग्रेगगच |

| जिल्ला | कार्यक्रम सञ्चालन भएको कार्यक्षेत्र |
|---|---|
| काठमाण्डौ | **नगरपालिकाहरु** : चन्द्रागिरी, टोखा, बुढानिलकण्ठ, कागेश्वरी मनहरा र तारकेश्वर |
| ललितपुर | **नगरपालिका** : कार्यविनायक<br>**गाऊँ विकास समिति** : ठेचा, फरुवाराशी, चापागाउँ, लेले, भारदेऊ, मानिखेल, चन्दनपुर, कालेश्वर, ठूलादुर्लुङ, आश्राङ, गिम्दी, माल्टा, प्युटार, भट्टेडाँडा, शंखु, घुसेल, इर्कुडोल र देविचौर |
| भक्तपुर | **नगरपालिकाहरु** : मध्यपुर थिमि, अनन्त लिङ्गेश्वर, चाँगुनारायण, महाँमञ्जुश्री, भक्तपुर र सुर्यविनायक |
| नुवाकोट | **गाऊँ विकास समिति** : लिखु, तलाखु, थानसिङ, थानापती, ओखरपौवा, ककनी, कुमरी, दुई पिपल, तारुका, सामरी, कल्याणपुर, साल्मे, भाल्चे, मनकामना, लच्याङ, बागेश्वरी, उर्लेनी, पञ्चकन्या, थप्रेक, समुन्द्रटार, राउतबेशी र गाउँखक |
| धादिङ्ग | **गाऊँ विकास समिति** : त्रिपुरेश्वर, सल्यानकोट, बुढाथुम, फूलखर्क, गुम्दी, नलाङ, सलाङ, ढोला, चैनपुर, कुम्पुर, गोगनपानी, केवलपुर, ज्यामरुङ, जीवनपुर, नौविसे, थाके, तसर्पु, पीडा, धुषा, जोगिमारा, बेनीघाट र सल्यानटार |
| रसुवा | **गाऊँ विकास समिति** : धुन्चे, हाकु, गर्लाङ, याशा, थुमन, ब्रिदिम, लाङटाङ |
| मकवानपुर | **गाऊँ विकास समिति** : थिगान, मन्थली, बेतिनी, फापरवारी, राइगाँउ, धियाल, भिमफेदी, भैसे, निवुवाटार, नामटार, सिस्नेरी, कुलेखानी, इपापन्चकन्या, कोगटे, भार्ता, कालिकाटार, सुकौरा, शिखरपुर, आग्रा, गोगने, डण्डाखर्क र छातिवन |
| चितवन | **नगरपालिकाहरु** : नारायणि, चित्रवन र माडी<br>**गाऊँ विकास समिति** : पिप्ले, कोराक, लोथर, काउले, दाहाखानी, चण्डीभञ्ज्याङ, कविलास, दारेचोक, शक्तिखोर, जुटपानी र भण्डारा |
| धनुषा | **नगरपालिकाहरु** : मिथिला, गणेशमान चारनाथ र सबैला<br>**गाऊँ विकास समिति** : सपही, बनिनिया, शान्तिपुर, बटेश्वर, भुचर्कपुर, लक्ष्मीनिवास, मानसिंहपट्टि, बागचौडा, हसपुर, कटपुल्ला, भुतही, पटेरवा, मिथिलेश्वर मवाई, मिथिलेश्वर निकास, नगराइन, बहरवा, लग्मा गडागुढी र देवडीहा |
| महोत्तरी | **गाऊँ विकास समिति** : धिरापुर, एकरहिया, सहोडवा, बन्चौरी, बलवा, महदैया, खुटापिपराढी, लोहरपट्ट, धमौरा, महोत्तरी, पिपरा, पडौल, पिगौना, धर्मपुर, पोखरभिण्डा, बसविटी, गैडाभेटपुर, रघुनाथपुर, पशुपतिनगर, हातिलेट, विजलपुरा र नैन्ही |
| सर्लाही | **गाऊँ विकास समिति** : परवानीपूर, गौरीशंकर, नारायणखोला, लक्ष्मीपुर, कोहरिपुर, फरहदवा, राजघाट, शंकरपुर, ढुंग्रेखोला, कर्मेया, बबरगंज, धनकौल पुर्व, नोकैल्वा, चन्द्रनगर, हेमपुर, जमुनिया, कौडेना, हरकठवा, गोडैता र हथिऔल |
| रौतहट | **गाऊँ विकास समिति** : सरुअठा, मत्सरी, राजदेवी, भेडीयाही, मठीया, लौकाहा, हथियाही, पिपरापोखरिया, कटहरिया, पिपरिया दोस्तीया, भसेढवा, देवाही, धरहरी, प्रेमपुर गानाही, गढो भगवानपुर, विसुनपुर्वा मानपुर, इनवारी, जोकाहा, नरकटिया, अजगैवी र पतौरा |
| बारा | **नगरपालिका** : निजगढ, कोलभी र सिमौनगढ<br>**गाऊँ विकास समिति** : मटिअर्वा, पुरैनिया, फेटा, रघुनाथपुर, धर्मनगर, दोहरी, महेशपुर, करैया, हरैया, सिहोर्वा, उमजन, तेतरिया, गडहल, नरही, मनहर्वा र भोडहा । |
| पर्सा | **गाऊँ विकास समिति** : बिजवनिया, मधुवनमथवल, जगरनाथपुरसिरा, रामनगरी, जानकीटोला, विश्रामपुर, पिडारीगुठी, सूर्जाहा, सेढवा, प्रशुरामपुर, घौडदौडापिप्रा, निचुटा, भिखमपुर, देवरवाना, लखनपुर, कौवावनकटैया, लालपर्सा, बगही, हरपुर, बसडिल्वा, पकहामैनपुर र तुल्सीवर्वा |
| गोरखा | **गाऊँ विकास समिति** : घ्याच्चोक, दर्बुङ्ग, भुम्लीचोक, खरिवोट, ताकुकोट, लाप्राक, अश्राङ, नाम्जुङ, मकैसी, ताङलिचोक, ताक्लुङ, गुम्दा, लापु, प्रोक, मनकामना, सौरपानी, स्वाँरा, बारपाक, केरौजा, थुमि, सिर्दिवास, घैरुङ र नाम्जुङ |
| लमजुङ्ग | **गाऊँ विकास समिति** : इलमपोखरी, कोल्की, प्यारजुङ, गौडा, रा. मोहरीयाकोट, नौथर, ढोडेनी, फलेनी, भार्ते, अर्चलवोट, श्रीमञ्याङ, जिता, सर्यपाल, रम्घा, समिभञ्ज्याङ, ता. टक्सार, भोर्लेटार, ईसानेश्वर, करापु, गिलुङ र नेटा |
| मनाङ | **गाऊँ विकास समिति** : फू र नार |
| तनहुँ | **गाऊँ विकास समिति** : केशवटार, रिसिङ्गरानीपोखरी, राम्जाकोट, सामुभगवतीपुर, घिरिङ्गसुन्धरा, घाँसीकुवा, वरभञ्ज्याङ्ग, छिम्केश्वरी, छाङ्ग, मनपाङ्ग, क्यामिन, थप्रेक, देउराली, किहुँ, अरुणोदय, काहुँशिवपुर, भानु, छिपछिपे, कोटा, देवघाट, चोकचिसापानी र पुर्कोट |

| जिल्ला | कार्यक्रम सञ्चालन भएको कार्यक्षेत्र |
|---|---|
| कास्की | **गाऊँ विकास समिति** : थुमाकोडाँडा, सिद्ध, थुम्की, लाहाचोक, पुरन्चौर, ल्वाङघलेल, मिजुरेडाँडा, घाचोक, नमार्जुङ, मौजा, चापाकोट, माछापुछ्रे, माझठाना, रुपाकोट, हंसपुर, रिभान, कास्कीकोट, घान्द्रुक, भदौरेतामागी, भाचोक, धिताल र दाङसिङ |
| स्याङजा | **गाऊँ विकास समिति** : आरुखर्क, विचारीचौतारा, ओरष्टे, मग्याम चिसापानी, फापरथुम, चिलाउनेबास, किचनास, बानेथोक देउराली, मनकामना, माझकोट, स्वरेक, खिलुङदेउराली, कालिकाकोट, चित्रेभञ्ज्याङ्ग, साखर, निबुवाखर्क, पिडिखोला, जगत्रदेवी, मालुङ्गा, विर्घाअर्चले, आलमदेवी र चण्डिभञ्ज्याङ्ग |
| नवलपरासी | **नगरपालिकाहरु** : गैडाकोट, देवचुली र कावासोती<br>**गाऊँ विकास समिति** : बन्जरिया, अमरौट, हकुई, रजहर, धौबादी, तमसरिया, रमपुरवा, भुजहवा, जहदा, तिलकपुर, देवगाव, सरावल, मनरी, जमुनिया, त्रिवेणीसुस्ता र प्रतापुर |
| रुपन्देही | **उपमहानगरपालिका** : बुटवल<br>**नगरपालिकाहरु** : देवदह र तिलोत्तमा<br>**गाऊँ विकास समिति** : सिक्टन, हाटी फर्साटिकर, पडसरी, बेतकुइया, मझगाऊँ, मर्यादपुर, हाटी बनगाई, फरेना, सालझण्डी, गजेडी, धमौली, सूर्यपूरा, ख.बनगाई, सौ. फर्साटिकर, अमवा र दयानगर |
| कपिलवस्तु | **नगरपालिकाहरु** : बौद्धबाटिका र वाणगंगा<br>**गाऊँ विकास समिति** : बहादुरगंज, लालपुर, गनेशपुर, कुहुरिया, गुगौली, पथ्थरदेहिया, विद्यानगर, रामनगर, भगवानपुर, हरनामपुर, बलुहवा, तित्रिखि, गौरी, रन्गापुर, परसोहिया, बसन्तपुर, बैदौली र सिहोखोर |
| पाल्पा | **गाऊँ विकास समिति** : अर्चले, रिङ्नेरह, हेक्लाङ, ताहुँ, देवीनगर, रहवास, गोठादी, कसेनी, रुप्से, पोखराथोक, नायरनमतलेस, खानीछाप, मदनपोखरा, तेल्घा, बौघागुम्वा, बौघापोखराथोक, वन्दिपोखरा, भैरवस्थान, खस्यौली, कुसुमखोला, मुझुङ र चिदीपानी |
| अर्घाखाँची | **गाऊँ विकास समिति** : सिमलपानी, सिद्धारा, ठाडा, सितापुर, अड्गुरी, मैदान, पटौटी, धनचौर, जुकेना, जलुके, ढिकुरा, बल्कोट, चिदिका, अर्घातोष, छत्रगंज, ठूलापोखरा, मरेङ्ग, खन, बाँगी, धारापानी, ढाकावाङ्ग र गोखुङ्गा |
| गुल्मी | **गाऊँ विकास समिति** : ठूलोलुम्पेक, हँसरा, जोहाङ्ग, जुनिया, रुपाकोट, आँपचौर, भार्से, दिगाम, हुँगा, विरवास, हर्दिनेटा, वलेटक्सार, बडागाँउ, खर्ज्याङ्ग, धुर्कोट रजस्थल, जैसीथोक, घमिर, ईस्मा रजस्थल, छापहिले, वाग्ला हस्तिचौर र भनभने |
| बाग्लुङ | **गाऊँ विकास समिति** : नरेठाँटी, दुदिलाभाटी, हरिचौर, छिस्ति, जैदी, अर्जेवा, विनामारे, सर्कुवा, पैयूथन्थाप, दमेक, मल्म, हटिया, काँडेवास, बुंगादेभान, वुर्तिवाङ, राजकुत, दर्लिङ, ग्वालीचौर, रिघा, सिसाखानी, खुंखानी र वोहोरागाँउ |
| पर्वत | **गाऊँ विकास समिति** : लेकफाँट, माझफाँट, नाग्लीवाङ, धाईरिङ, क्याङ, तिलाहार, बाजुङ, देउपुर, ठूलीपोखरी, खौलालाकुरी, चित्रे, थापाठाना, शंकरपोखरी, खानीगाउँ, मुडिकुवा, देविस्थान, ठानामौला, भँगरा, लुंखुदेउराली, पाखापानी, पाङराङ र हुवास |
| म्याग्दी | **गाऊँ विकास समिति** : लुलाङ, मुदि, मराङ, मल्कवाङ, कुइनेमंगले, पाखापानी, देवीस्थान, निस्कोट, दरवाङ, अर्मन, बाबियाचौर, कुंहु, बरञ्जा, भकिम्ली, पात्लेखेत, पिप्ले, चिमखोला, दग्नाम, दोवा, दाना, नारच्याङ र हिस्तानमण्डली |
| मुस्ताङ्ग | **गाऊँ विकास समिति** : छोसेरे, छोन्हुप, लोमान्थाङ, चराङ र सुर्खाङ |
| प्यूठान | **गाऊँ विकास समिति** : रम्दी, धुवाङ, पकला, रस्पुरकोट, नयाँगाऊँ, ढुंगेगढी, हंसपुर, वांगेसाल, तोरवाङ, लुङ, ओखरकोट, वादीकोट, तुषारा, धरमपानी, विजुली, चुँजा, फोप्ली, वर्जिवाङ, वाँगेमरोठ, खवाङ, लिवाङ र खुङ |
| दाङ | **नगरपालिका** : घोराही<br>**गाऊँ विकास समिति** : काभ्रे, कोइलाबास, गंगापरस्पुर, गढवा, गोवरडिया, डुरुवा, बाघमारे, मानपुर, लक्ष्मीपुर, लालमटिया, लोहारपानी, विजौरी, शान्तीनगर, सतबरिया, सिसहनिया, सैघा, सौडियार, स्यूजा, हाँसिपुर र हेकुली |
| सल्यान | **गाऊँ विकास समिति** : रिम, सिनवाङ्ग, फलावाङ्ग, कारागिठी, लेखपोखरा, कोर्वाङ्गझिम्पे, छायाँछेत्र, दमाचौर, वडागाऊँ, जिमाली, सिद्धेश्वरी, बाझकाडा, काभ्रा, भल्चौर, बामे, स्वीकोट, मूलखोला, लक्ष्मिपुर, दार्माकोट, ढाकाडाम, कालागाउ र कुपिण्डेदह |
| रोल्पा | **गाऊँ विकास समिति** : मसिना, जौलीपोखरी, जेदावांग, करेती, सखी, दुइडाँडा, दुवरिङ, झेनाम, बुढागाऊँ, जुगर, ओता, गिनावाङ, पाखापानी, तलावाङ, रंक, इरिवाङ, कुरेली, मिरुल, रांगकोट, थवाङ, उवा र पछावाङ |

| जिल्ला | कार्यक्रम सञ्चालन भएको कार्यक्षेत्र |
|---|---|
| रुकुम | **गाऊँ विकास समिति** : खारा, रुँघा, भलाक्चा, चौखावाङ, स्यालापाखा, महत, प्वाङ, पोखरा, सिस्ने, राङ्सी, मोरावाङ, छिवाङ, गरायला, पुर्तिमकाँडा, विजयश्वरी, स्यालाखदी, मुरु, पेउघा, नुवाकोट, झुला, मग्मा र आठविसडाँडागाउँ |
| डोल्पा | **गाऊँ विकास समिति** : सर्मी, कालिका, लहान, रिमी, सू, पहाडा, राहा, फोक्सुन्डो, भिजेर, तिन्जे, छर्क र मूकोट |
| जुम्ला | **गाऊँ विकास समिति** : घोडेमहादेव, तातोपानी, हाँकु, लाम्रा, महाबैपातरखोला, कालिकाखेतु, बड्की, नाराकोट, धाँपा, पाण्डगबुफा, विराट, कनकासुन्दरी, बोतामालिका, देपालगाऊँ, गज्याङ्गकोट, शनिगाउँ र बुम्रमाडिचौर |
| मुगु | **गाऊँ विकास समिति** : धैनकोट, नथर्पु, भिई, फोतु, ह्याङ्लु, सुकाढिक, गम्था, श्रीकोट, कोटडाँडा, पुलु, किमि, मुगु र डोल्फु |
| हुम्ला | **गाऊँ विकास समिति** : लिमी, मुचु, खगालगाउ, स्याडा, हेक्पा, डाडाफया, सिमकोट, वरगाउँ, ठेहे, खार्पुनाथ, लाली, रोडीकोट, मेल्छाम, श्रीमष्ठा, मिमि र दार्मा |
| बर्दिया | **नगरपालिका** : बाँसगढी<br>**गाऊँ विकास समिति** : सोरहवा, जमूनी, मैनापोखर, कालिका, धधवार, मगरागढी, वनियाभार, ढोढरी, बगनाहा, नेउलापुर, ठाकूरद्धारा, सुर्य पटुवा, पाताभार, गोला र मनाऊ |
| बाँके | **गाऊँ विकास समिति** : कटकुईया, कालाफाँटा, लक्ष्मणपुर, नरैनापुर, मटेहिया, गंगापुर, फत्तेपुर, विनौना, खाश्कुस्मा, होलिया, वेतहनी, गनापुर, वेलहरी, कम्दी, खजुराखुर्द, चिसापानी, नौवस्ता, सितापुर, राधापुर, वेलभार, हिरमिनिया र शम्शेरगंज |
| बाजुरा | **गाऊँ विकास समिति** : जय बागेश्वरी, कन्द, दोगाडी, गुडुखाती, चतारा, तोली, बाह्रविस, कूलदेवमानदेव, ब्रम्हाटोला, विछाए, रुगिन, जुकोट, सापटा, गोत्री र पाण्डुसन |
| डोटी | **गाऊँ विकास समिति** : लामिखाल, महादेवस्थान, कालिकास्थान, दहकालिकास्थान, बाँझककानी, वगलेक, कलेना, लडागडा, खिरसैन, सानागाँऊ, दुर्गामाण्डौ, वासुदेवी, गगुडा, तिखात्तर, लक्ष्मीनगर, घण्टेश्वर, सरस्वतीनगर, गाँजरी, गिरीचौका, पोखरी, छतिवन र काडाँमाण्डौ |
| कैलाली | **नगरपालिकाहरु** : लम्कीचुहा, घोडाघोडी र भजनी त्रिशक्ति<br>**गाऊँ विकास समिति** : पण्डौन, सुगरखाल, उर्मा, थापापुर, गदरिया, उदाशिपुर, पहलमानपुर, कोटातुल्सीपुर, दोदोधारा, बौनिया, जानकीनगर, प्रतापपुर, जोशिपुर, दुर्गौली, मसुरिया र रामशिखरझाला |
| कञ्चनपुर | **नगरपालिकाहरु** : दोधारा चाँदनी र झलारी<br>**गाऊँ विकास समिति** : बेलडण्डी, रौतेली विछवा, देखात भूली र राजकवार विछवा |
| डडेलधुरा | **गाऊँ विकास समिति** : बगरकोट, भद्रपुर, रुपाल, देवल दिव्यपुर, मष्टामाण्डौ, नवदुर्गा, कैलपालमाण्डौ, गणेशपुर, गांखेत, समैजी र अजयमेरु |
| बैतडी | **गाऊँ विकास समिति** : सिगास, ढुंगाड, गाँजरी, शिवलिंग, थालाकाडा, भुमिराज, कुवाकोट, चौखाम, कोटपेटरा, महादेवस्थान, न्वादेव, डिलाशैनी, मठैराज, महाकाली, पंचेश्वर, कुलाउँ, शर्माली, विशालपुर, उदयदेव, आमचौरा, श्रीकेदार र न्वाली |
| दार्चुला | **गाऊँ विकास समिति** : उकु, लाली, खरकाडा, सर्मोली, भगवर्ती, ग्वानी, गोकुलेश्वर, देथला, शिखर, शेरी, तपोवन, खण्डेश्वरी, घुसा, गुल्जर, खार, इयरकोट, सिप्टी, पिपलचौरी, हुती, धौलाकोट, सुन्सेरा र व्यास |
| बझाङ | **गाऊँ विकास समिति** : कालुखेती, पाटादेवल, गडराय, कैलास, कोटदेवल, मष्टा, भातेखोला, व्यासी, सुनीकोट, धमेना, कँडेल, कोईरालाकोट, दंगाजी, मौलाली, रायल, वाँझ, सुनकुडा, देउलेक, स्याडी, खिरातडी, पिपलकोट र कफलसेरी |












## CSOs को भूमिका

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी भएका ऐन, नियम तथा कार्यविधिको आधारमा स्थानीय निकायमा पालना अनुगमन

पालना अनुगमनको आधारमा स्थानीय निकायको समन्वय र सहकार्यमा सुधारका लागि छलफल, कार्ययोजना र प्रतिवद्धता निर्माण

निर्माण भएको कार्ययोजना र गरिएका प्रतिवद्धता पालना तथा कार्यान्वयनको अवस्था अनुगमन एवं कार्यान्वयनको लागि पहल र सहजीकरण

विभिन्न कार्यक्रम मार्फत् समुदायको क्षमता अभिवृद्धि

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)
**स्थानीय शासन उत्तरदायी संयन्त्र (LGAF) को सचिवालय**
ललितपुर । फोनः ०१-५०००२६ इमेलः lgafktm@gmail.com